# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक


## पार्टी सदस्य क. दिपक महर्जनको निधनमा नेकपा(क्रान्तिकारी माओवादी) जिल्ला समिति काठमाडौंको श्रद्धाञ्जली वक्तव्य



काठमाडौं। नेकपा(क्रान्तिकारी माओवादी) जिल्ला समिति काठमाडौंअन्तर्गतको पार्टी सदस्य क. दिपक महर्जनको असार ३१ गते असामयिक निधन भएको छ। उहाँ केही समयदेखि दुवै मिर्गौला फेल भएर त्यसको उपचारको क्रममा मस्तिष्क घातबाट उहाँको निधन भएको हो। कीर्तिपुर क्षेत्रको पुरानो कम्युनिस्ट क. दिपक महर्जनको निधनबाट पार्टीलाई ठूलो क्षति भएको छ। उहाँको निधनमा नेकपा(क्रान्तिकारी माओवादी) जिल्ला समिति काठमाडौं सेक्रेटरीद्वारा श्रद्धान्जली वक्तव्य प्रकाशित।


वर्ष ६ अङ्क ५ पूर्णाङ्क २४३ २०७८ साउन ४ गते सोमबार Monday, 19 July, 2021 पृष्ठ ८ मूल्य रू. १०।–


# देउवाको सत्तारोहणले राष्ट्रिय स्वाधिनतामा झन् खतरा बढ्यो



काठमान्डौ। नेकाका सभापति शेरबहादुर देउवाको प्रतिनिधिसभाको आठौं अधिवेशनव्दारा सत्रारोहण भएको छ। उनी अदालतको फैसलामार्फत सत्तारोहण भएका हुन। प्रधानमन्त्रीमा नियुक्त भएका देउवाले पुनर्स्थापित संसदको पहिलो बैठकमै विश्वासको मत लिएका छन। उनको पक्षमा १६५ मत परेको छ।

नेपाली कांग्रेसका सभापति समेत रहेका देउवालाई उनको आफ्नै दल नेपाली कांग्रेससँगै माओवादी केन्द्र, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाले मत दिएको छ। प्रमुख विपक्षी एमालेका पनि २२ सांसदले उनलाई मत दिएका मात्रै छैनन् ओली समूहका ८ सांसदले स्मेत देउवालाई मत दिए।

मतदानमा २४९ जना सांसद सहभागी भएका थिए। देउवाको विपक्षमा ८३ मत खसेको छ। राप्रपा तटस्थ बस्यो भने नेपाल मजदुर किसान पार्टी मतदानमा सहभागी भएन।

प्रधानमन्त्री देउवाले विश्वासको मत प्राप्त गरेसँगै तत्कालका लागि प्रतिनिधिसभा विघटन टरेको छ।

सर्वोच्च अदालतको फैसलाअनुसार राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाली कांग्रेसका सभापति देउवालाई गत असार २९ गते प्रधानमन्त्री पदमा नियुक्ति गरेकि हुन।

संविधानको धारा ७६ (५) अनुसार नियुक्त प्रधानमन्त्रीले नियुक्तिको ३० दिनभित्र प्रतिनिधि सभामा विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधान छ। पुनःस्थापित प्रतिनिधि सभाको पहिलो बैठक बसेर प्रधानमन्त्री देउवालाई विश्वासको मत दिएको छ।

१४९ सांसदको समर्थनमा प्रधानमन्त्री बनेका देउवालाई सो संख्यामा सांसदहरूको समर्थन कायमै छ। आन्तरिक विवादका बाबजुद नेकपा (एमाले) *बाँकी ७ पेजमा*

## चीनले नेपाललाई थप १६ लाख डोज खोप दिने



काठमाडौं। चीनले नेपाललाई कोरोनाविरुद्धको थप १६ लाख डोज खोप दिने भएको छ। यसअघि उसले १८ लाख डोज सहयोग गरिसकेको छ। नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीले शुक्रबार प्रधानमन्त्री शेरबहादुर देउवासँगको भेटमा सहयोगको निर्णय सुनाएकी हुन।

'राजदूतले कोभिडविरुद्धको खोप उपलब्ध गराउनेलगायत थप सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको छ,' परराष्ट्र मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ। चिनियाँ खोपबाट १७ लाख नेपाली लाभान्वित हुने भएका छन। नेपालले चीनबाट खरिद गरेको ४० लाख खोपमध्ये आठ लाख डोज आइसकेको छ भने बाँकी ३२ लाख खोप आउने प्रक्रियामा छ। नेपालले खोप उपलब्ध हुने विदेशी बजारमा खरिदका लागि प्रयास गर्दै आएको छ।

## सर्वोच्च अदालतद्वारा प्रतिनिधि सभा पुनःस्थापना गर्ने फैसलावारे नेकपा (क्रान्तिकारी माओवादी) प्रवक्ता प्रतीकद्वारा पार्टीको धारणा प्रकाशित

संसारका मजदुरहरु एक हौं ! मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद !

**नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)**
**Communist Party of Nepal (Revolutionary Maoist)**
केन्द्रीय समिति
*Central Committee*

काठमान्डौ। सर्वोच्च अदालतले प्रतिनिधि सभा पुनःस्थापना गर्ने फैसला गरेको छ। सर्वोच्च अदालतको उक्त फैसलावारे विभिन्न राजनीतिक पार्टीहरू तथा नागरिक समाजबाट विभिन्न प्रतिक्रियाहरू आइरहेका छन्। यसै सन्दर्भलाई लिएर नेकपा (क्रान्तिकारी माओवादी) प्रवक्ता प्रतीकव्दारा अलि फरक खालले पार्टीको धारणा प्रेसवक्तव्यमार्फत प्रकाशित गरिएको छ। नेकपा (क्रान्तिकारी माओवादी)को स्पष्ट धारणा छ कि सर्वोच्च अदालतको फैसलाले प्रधानमन्त्री के पी शर्मा ओलीको स्वेच्छाचारिता, निरङ्कुशता र अहङ्कारवाद माथि अङ्कुश लगाउने काम गरेको छ, जो सकारात्मक छ। तर यसले वर्तमान राजनीतिक सङ्कट र राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्याहरूको समाधान गर्न सक्दैन। त्यसकारण नेकपा (क्रान्तिकारी माओवादी)को भनाइ छँ–वर्तमान राज्यसत्ता र संसदीय व्यवस्थाको विकल्पमा नयाँ जनवादी राज्यसत्ताको स्थापना अनिवार्य छ।  प्रेसवक्तव्यको पूर्ण पाठ तल दिइएकोछ :

प्रेसवक्तव्य

यही २०७८ असार २८ गते सर्वोच्च अदालतद्वारा प्रतिनिधि सभा पुनःस्थापना गर्ने फैसला गरिएको छ। प्रधानमन्त्री के पी शर्मा ओलीको स्वेच्छाचारिता, निरङ्कुशता र अहङ्कारवाद माथि यस फैसलाले अङ्कुश लगाउने काम गरेको छ। यस अर्थमा सर्वोच्चको यो फैसला सकारात्मक रहेको छ। परन्तु वर्तमान राज्यसत्ता र संसदीय व्यवस्थामा पैदा हुँदै आएका गंभीर प्रकृतिका सङ्कटको समाधान प्रतिनिधि सभाको *बाँकी ७ पेजमा*

## चार मन्त्रीसहित देउवाले लिए प्रधानमन्त्रीको शपथ



काठमाडौं। शेरबहादुर देउवाले चार मन्त्रिसहित पद तथा गोपनीयताको शपथ लिएका छन्। राष्ट्रपति विद्यादेवी भण्डारीले शीतलनिवासमा देउवालाई शपथ गराएकी हुन्।

साँझ ६ बजे नै शपथ गराउने तय भएपनि नियुक्त गर्दा संविधानको धारा उल्लेख नगरेपछि देउवाले शपथ लिन अस्वीकार गरेका थिए।

नियुक्ति पत्रको बेहोरा परिवर्तन गरेर संविधानको धारा उल्लेख गर्नुपर्ने देउवाको अडान थियो। त्यही कारण शपथमा सवा दुई घण्टा ढिलाइ भयो।बेहोरा परिवर्तन गरेपछि प्रधानमन्त्री देउवाले शपथ लिएका हुन्।

गत मंगलबार नै चार मन्त्रीले पनि शपथ लिएका छन्। कांग्रेसका बालकृष्ण खाँण-गृह र ज्ञानेन्द्रबहादुर कार्की-कानुन तथा माओवादी केन्द्रका पम्फा भुसाल- उर्जा र जनार्दन शर्मा-अर्थ मन्त्रीमा नियुक्त भएका छन्।

## अखिल (क्रान्तिकारी)ले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा बुझायो ज्ञापनपत्र



काठमाडौं। अखिल (क्रान्तिकारी)ले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा नेपाल सरकारले यात्रुबाहक तथा मालबाहक सवारीको भाडा भारी मात्रामा वृद्धि गरेकोमा घोर निन्दा एवम् भत्सर्ना गर्दै ज्ञापनपत्र बुझाएको छ। *बाँकी ५ पेजमा*

## क्रान्तिकारी कम्युनिस्टहरुका लागि अग्रगमनको उत्तम मार्ग

***नेपालमा प्रतिगमन विरोधी आन्दोलनको रूपमा २०५९ साल असोज १८ गते राजा ज्ञानेन्द्रले तत्कालिन देउवा सरकारले प्रतिनिधि सभाको निर्वाचनको मिति पर सार्नका लागि गरेको शिफारिसलाई इन्कार गरी राजा ज्ञानेन्द्रले संविधानको धारा १२७(२) प्रयोगगरी तत्कालिन देउवा सरकारलाई विघटन गरेर नयाँ सरकार घोषणा गरेपछि सुरु गरिएको आन्दोलनलाई प्रतिगमन विरुद्धको आन्दोलनको नाम दिइएको थियो***



● हुकुमबहादुर सिंह ●

*प्रतिगमन के हो ?*

समाजको विकास र चेतनाको स्तरलाई पछाडि फर्काउन खोज्ने कार्य प्रतिगमन हो। प्रतिगमन भनेको पछाडि फर्कनु हो। समाज अगाडि बढछ, त्यसलाई जबर्जस्ती पछाडि लैजाने काम गर्नु वा परिवर्तित समाजको विकासक्रमलाई स्विकार नगरी यथास्थितिमा रहन खोज्नुलाई प्रतिगमन भनिन्छ। समाजको विकासलाई रोक्न खोज्नु, पछि फर्काउनु वा प्रकृतिका विरुद्ध परिवर्तनलाई रोक्न खोज्नु प्रतिगमन हो। यस्ता कार्यहरू वस्तुगत परिस्थितिको विपरित आत्मगत रूपमा पछाडि धकेल्न खोज्नुनै रहेको पाइन्छ। समाज विकासक्रममा पुँजीवादी लोकतन्त्र विरुद्ध सामन्ती राज्यव्यवस्था खडागर्न खोज्नु वा पछाडि ल्याउन खोज्ने कामहरू प्रतिगमनका उदाहरण हुन। विगतमा ज्ञानेन्द्रले संसदीय प्रणालीलाई पछाडि धकेल्ने प्रयास गरेका *बाँकी ७ पेजमा*

## सम्पादकीय

# एमसीसी सम्झौता सदनबाट पास नगर !

एमसीसी सम्झौता नेपालको हितमा छैन भन्ने प्रमाण त एमसीसी सम्झौतामा उल्लेखित बुँदाको सुक्ष्म अध्ययन र विश्लेषण, विषय विज्ञ तथा राजनीतिज्ञहरूले निष्कर्षआदिबाट स्पष्ट छ। उनीहरूले निष्कर्ष निकाल्दै भनेका छन्- एमसीसी सम्झौता नेपालको हितमा छैन। यो सम्झौतालाई हुबहु लागू गर्ने हो भने नेपालको राष्ट्रिय स्वाधीना, सार्वभौमिकता तथा क्षेत्रीय अखण्डतामा गम्भिर आँच आउँछ। नेपाल अमेरिकाको सैन्य अखडतामा परिणत हुन्छ। नेपालको असंलग्न परराष्ट्र नीतिको मृत्यु हुन्छ। नेपाल आफ्नै छिमेकी मुलुक चीनका विरुद्ध प्रयोग हुन पुग्दछ। र, नेपाल अन्ततः अमेरिकी साम्राज्यवादको गुलाम (उपनिवेश) राष्ट्रमा परिणत हुन पुग्दछ।

एमसीसी परियोजना अमेरिकाको हिन्द प्रशान्त रणनीतिको एक अंग हो। हिन्द प्रशान्त रणनीति भनेको सैन्य रणनीति हो। यो रणनीतिका साझेदार राष्ट्रहरू भनेका सैन्य गठबन्धनमा आबद्ध राष्ट्रहरू हुन्। हिन्द प्रशान्त रणनीति भनेको चीनलाई हरेक हिसाबले घेर्ने र सिध्याउने रणनीति हो। यो रणनीतिको प्रयोगस्थलका रूपमा एमसीसी सम्झौतामार्फत् नेपाललाई प्रयोग गर्न खोजेको छ। नेपालको संविधान तथा कानुनभन्दा माथि रहने हुनाले अमेरिकाले एमसीसी सम्झौतालाई सदनबाट पास गरेपछि मात्रै कार्यान्वयन हुने सर्त राखेको छ। यो सदनबाट पारित भयो भने एमसीसी परियोजनाको मातहतमा नेपालको कानुन र संविधान रहन पुग्ने र नेपाली ढिलोचाँडो अमेरिकाको अखडामा परिणत हुने विज्ञ विश्लेषक तथा राजनीतिज्ञहरूले चेतावनी दिंदै आएका छन् र सडकमार्फत् यस्तो राष्ट्रघाती सम्झौता खारेज हुनुपर्ने जोडदार रूपमा आवाज बुलन्द गर्दै आएका छन्।

चीनसँग सीमा जोडिएको खासगरी चीनको अभिन्न अंगको रूपमा रहेको तिब्बतको ठूलो भूभागको सीमा नेपालसँग जोडिएको छ। अमेरिकाले त्यही तिब्बतमा 'फ्रि तिब्बत' आन्दोलन आफ्नै लगानी र संरक्षणमा चलाइरहेको छ। हङकङ र ताइवानमा पनि अमेरिकाले नै द्वन्द्व चर्काईरहेको छ। अमेरिका ओलारो लाग्दो शक्ति हो भने चीन उकालो लाग्दो शक्ति हो। आफ्नो साम्राज्यलाई कायम राख्न पनि चीनको बढ्दो प्रभावलाई रोक्नुपर्ने भएकोले अमेरिकाले चीनका विरुद्ध एशियामा आफ्नो उपस्थितिलाई ह्वात्तै बढाउँदै लगेको छ।

ओली प्रधानमन्त्री हुँदा पनि अमेरिकाको यही साम्राज्यवादी मिसनको मतियार बनेर विभिन्न नाम र बहानामा एमसीसी जस्तो राष्ट्रघाती सम्झौता संसदबाट पास गर्न खोजेका थिए। यो उनको राष्ट्रिय आत्मसमर्पणवादको भद्दा नमूना थियो। र, सत्ता स्वार्थका लागि राष्ट्रलाई नै दाउमा राख्ने घोर देशद्रोही तथा राष्ट्रद्रोही कार्य उनले गरेकै थिए । आफुलाई राष्ट्रवादी भनाउँदै जनताको राष्ट्रवादी भावनाको चरम खेलवाड गर्दै आएका ओलीको चरम राष्ट्रघाती अनुहार एमसीसी प्रकरणमा उदांगो हुन पुगेको थियो। ओलीको यस्तो राष्ट्रघाती कदमलाई यो देशको स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षाको लागि आवाज बुलन्द गर्दै आएका तमाम देशभक्त तथा क्रान्तिकारी शक्तिहरूले एकजुट भएर सशक्त रूपमा प्रतिरोधमा उत्रनका लागि विगतमा एमसीसी सम्झौता सदनमा प्रस्तुत हुन नदिन सम्पूर्ण देशभक्त, कम्युनिस्ट क्रान्तिकारीहरूले एकजुट भएर सडक संघर्षलाई घनिभूत बनाउने विभिन्न प्रयासहरू गरिएका थिए। वर्तमानमा अव पनि शेरबहादुर देउवा र ज्ञोनेनद्र बहादुर कार्कीको मन्त्रीमण्डल बनेको छ र अमेरिका यो उसका लागि एमससिी पास गराउनका लागि सुनौलो अवसर भएको छ। इतिहासको यो संगीनमय घडीमा एमसीसी सम्झौता खारेजीका लागि सडक संघर्षलाई प्रभावकारी रूपमा संगठित र परिचालन गर्न जरुरी छ। र यसका लागि कम्युनिस्ट क्रान्तिकारीहरू बीचको एकता र ध्रुविकरणले महत्वपूर्ण भूमिका हुने छ । किनभने जनताको दबाब र प्रतिरोधले मात्र शासकहरूलाई सोच्न बाध्य तुल्याउँछ।

गत शनीवार (श्रावण २) गते नेकपा(क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरण र नेकपा–विप्लव)का महासचिव नेत्रविक्रम चन्दविप्लवबीच भएको भेट र छलफलपछि एक पटक फेरी कम्युनिस्ट क्रान्तिकारीहरू बीचको एकता र ध्रुविकरणले चर्चा पाएकोछ। क्रान्तिकारी माओवादीले धेरै पहिलेदेखि नै सच्चा क्रान्तिकारी कम्युनिस्टहरूबीचको एकता र ध्रुविकरणलाई जोड दिंदै आएको कुरा सर्वविदित छ। र यसैको परिणाम अहिलेसम्म तीन प्रकारका गठवन्धनहरू- चार दलीय रणनीतिक संयुक्त मोर्चा, १४ दलीय संयुक्त मोचा र २२ दलीय कार्यगत एकताले देशको राष्ट्रिय स्वाधिनताको रक्षा, जनतन्त्रको र जनजीवीकाको प्राप्तीका लागि तेस्रो जनआन्दोलनको आँधीवेहरीको सृजनागर्ने प्रयास गर्दै आएका छन्। र यो शक्तिलाई अब सडकबाट सदनलाई यस्तो दवावको आवश्यकता छ ताकि एमसीसी सम्झौता सदनबाट पास नहोस !

स्मरणीय छ, विवादित एमसीसी सम्झौता पारित गर्न यसअघि नै तत्कालिन प्रधानमन्त्री केपी ओली र बर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाले सहमति जनाएका थिए। हालका कानुनमन्त्री ज्ञानेन्द्रबहादुर कार्की उर्जामन्त्री भएका बेला अमेरिकासँग सो सम्झौता गरिएको थियो। त्यसले गर्दा बर्तमान सरकारले एमसीसी अघि बढाउने सम्भावना देखिएको छ। तर, एमसीसीविरुद्ध संसदभित्र र बाहिर रहेको ठूलो जनमतका कारण सहजै पारित हुने सम्भावना भने कमै छ।

के स्पष्ट हो भने एमसीसी संसदबाट पास भएपनि वा नभएपनि देउवाको सत्तारोहण राष्ट्रिय स्वाधिनतामा झन खतरा बढदै जाने स्पष्ट छ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्नै र पढ्ने गरौं।

www.moolbato.com

# जनतामाथि चोटैचोट



● घननाथ सापकोटा ●

*हाम्रो सार्वभौम देशमाथि छिमेकी देश भारतको छिमेकी नीति सकारात्मक छैन । जहिले पनि भारत सानो २ मिटरसीमा मिच्नेदेखि सिङ्गो नेपालको अस्तित्वमाथि नै षडयन्त्रको तानावाना बुनिरहेको हुन्छ । नेपालको प्राकृतिक सम्पदा, ढुङ्गागिट्टी, बालुवा, पानी, हिमाल, खनिज पदार्थ कब्जा गरिसकेको छ । वाँकी रहेल पहेलपनि हातपार्न खोजिरहेको छ । जसका विरुध्द देशभक्त नेपालीहरूले सघर्ष गरिरहेका छन । मातृभूमिको लागि वलिदान वलिदानै दिएकाछन्, मत्ता साढे सुन्दैसुन्दैन यसको मूलकारण केहो भने नेपालका हिजोदेखि आजसम्म शासकहरूको आत्मसमर्पणवादी नीति र कुर्ची प्राप्त गर्नको लागि मालिकसंग त्वमः शरणम गर्ने रास्ट्रियताको सवालमा एकशब्द न वोल्ने सधैं भारतको नुनको सोझो गर्ने यही कारणले नेपालको राष्ट्रियता कमजोर भएको हो र खतरामा परेको हो*

१) वितेका वर्षहरूमा पनि नेपालमा बाढी पहिरो बाट ठुलो धन जनको क्षति भएकै हो यसपाली पनि त्यसप्रकारको क्षतिबाट देश अछुतोरहेन। गतसालको घटनाबाट शिक्षालिएर सरकारले क्षतिलाई न्यूनीकरण गर्नुपर्नेमा राज्य मुकदर्शक बनेर यसपाली पनि बाढी पहिरोबाट देशले ठुलो क्षति बेहुर्नु पर्यो। सिन्धुपलान्चोक जिल्लाको मेलम्ची बजारको सम्पूर्ण अस्तित्व सखाप पारिदियो। सयौ नेपालीको ज्यान गयो। यति ठुलो बाढी पहिरो आउनुको पछाडी बिकाशको नाममा अबैध ढङ्गले जमिनमा डोजर चलाउनु हो। जव स्थानीय निकायको चुनाव भयो उक्त चुनाववाट चुनिएर आएका जनप्रतिनिधीहरूले राज्यको सम्पति अपचलन गरेर डोजर एक्साभेटर आफ्नो नाममा खरिद गर्ने र गाउँमा जथाभावी जमिन भत्काउने गर्नाले बाढीपहिरो आउने मुख्य कारण बनेको हो। अबैध ढङ्गले ढुङ्गा गिटी बालुवा निकल्नु पनी दोस्रो कारण हो। सरकार बाढीपहिरो आउन सक्छ जनताहरू सुरक्षित ठाउँमा जानुहोस् भनेर आदेश जारीगर्दछ। जनता कहाँको शुरक्षित ठाउमा जाने ? जानुहोस् भनेर आदेशजारी गर्दछ, जनताको शुरक्षित ठाउँभएदेखि किन त्यहाँ वसोवास गर्दथे र। राज्यको सम्वन्धित निकायले कहाँ कहाँ यससाल प्राकृतिक प्रकोपले क्षतिगर्छ त्यसको अध्ययन गरेर पुर्वसुरक्षाको तयारी गर्नुपर्ने होकी होइन ? सरकार संग स्रोतसाधन छ। राज्यले जिम्वेवारी पहल गर्नुपर्नेमा जनतालाइ आफ्नो शुरक्षा गरेगर नगरेमर भनेजस्तो गरेर जिम्मेवारीबाट पन्छिएको छ।

२) कोरोना भाइरसको उपचार राज्यले गर्नसक्दैन भनेर सरकार ग्रैहजिम्वेवार वन्नखोज्यो। विद्रोहीपक्ष प्रतिपक्षले सघर्षको उत्कर्स रूप नेपालवन्द गरेको देखिएको थियो। यहाँ त राज्यकोतर्फबाट महिनौ देशलाई वन्दगरेर जनजीवन कस्टप्रद बनाएको छ। ओली सरकार आफैले मान्छु भनेको संविधानलाइ च्यातचुतपारेर देशजनताको हितप्रतिकुल मनपरि निर्णय गर्दैहिडेको छ। त्यस्तै जनतालाइ गार्होपरेको मौकाछोपी कतिपय अवसर छोप्नेहरूले भ्रष्टाचार तस्कर कालाबजारी महङ्गी बढाएछन्, कतिपय एम्बुलेन्सहरू र सवारीसाधनहरूले मनपरी भाडा अशुलेकाछन। उपभोग्य वस्तुको मुल्य आकाशिएको छ। निर्माण सामग्री महङ्गीले खरिदगरि सक्नु छैन। पेट्रोलियम पदार्थमा दिनहुजसो मुल्य बृध्दिगरिएको छ। कोभिड-१९ ले मरेको लास घाटमा पुर्याएको रू ३२००/-अशुलगर्न राज्यलेनै छुटदिएको छ। चितवनमा त्यसको व्यापक विरोध भएपछी मेयर रेणु दाहाल रिसाउदै हामीले त्यस्तो अनावश्यक रकम अशुलेको छैनौं भनिन्। प्रमुख जिल्ला अधिकारी प्रेमलाल लामिछानेले जनताबाट गुनासो आएको छ यसलाई घटाउन छलफल चलेको छ भनेर लाश घाटमा पर्याएको निशुल्क गर्ने र रु ३०००/- रूपैया दिने निर्णय गरेछन्।

३) भारतले अन्तरास्ट्रिय कानुन मिचेर सिमानामा वाँध वाँधेर नेपालीभुमि डुवान वनाउँदा नेपालको ओली सरकार एकशब्द वोल्दै। नेपाली भूमिमा भारतीय शुरक्षाकर्मी आएर नेपालीको वाली क्षति गर्दै अतिक्रमण गरेको छ। भरखर मात्र चाँदनी दोधारामा किसानको लालपुर्जा भएको नेपालीभुमि अतिक्रमण गरेको छ। कुर्ची र कमिसनको भरमा संघीय सरकार प्रदेशसरकार र स्थानीय सरकार सवैमिलेर ढुङ्गा वालुवा भारत निकाशी गरेर देशलाई बाढीपहिरोको जोखिमको चपेटामा पारेको छ। भारतले नेपालीभूमिमा सडकनिर्माण गर्दा ओली सरकार एकशब्दवोल्ने आँट गर्दैन

४) असार १५ पनि गइसक्यो सरकार असार १५ लाइ धानदिवस मनाउने भनेर जनताको आँखामा छारोहाल्ने कामगरि गरेर वितायो। किसानलाइ चाहिने मलविउ विजन कृषि औजार समयमै सर्वशुलव तबरबाट उपलव्ध गराउने कुरामा सरकार जिम्मेवार पटक्कै छैन। यो देशका कृषिमन्त्रिको चर्तिकला यस्तोछ। ३ वर्षअगाडी एमालेका तर्फबाट कृषिमन्त्रिभएका हरिप्रसाद पराजुली किसानको खेतमा गएर धानरोप्न आएका महिलालाइ दुव्यवार गरेर वदनामभए। अर्को माओवादी केन्द्रवाट भएका भएका हरिबोल गजुरेल खेतमा गएर धानदिवस मनाउनु पर्नेमा सिंहदरवार भित्र गमलामा धान रोपेर लोकहसाए। दरवारवाट किन निक्लन्थे अर्का गतसालमा कृषिमन्त्रि घनश्याम भुसालले धानमा छर्ने मल धानपसाउन थाले पछी वल्ल बङ्गाला देशमा सापटी लिने शम्झौता गरे जुनमल कानुनि प्रक्रिया पुरागरेर नेपाल आइपुग्न ३ महिना लाग्ने रहेछ। त्यसवेलासम्म धान पाकिसक्छ, त्यो साता चाँही सवैसत्तासिनहरू दरबारमा बसेर धानको बिउको मालालाएर फेसवुकमा पोस्ट गरेर धानदिवस मनाए। यस्ता कुनैप्रकारको ज्ञानक्षमाता विवेक र इज्जतपनि नभएका त कृषिमन्त्रि हुन्छन् यस्तावाट कसरि कृषिमा प्रगति हनसक्छन् र जनताले राहतको सास फेर्न पाउंछन्।

५) गण्डकी प्रदेशका मुख्यमन्त्रि पृथ्वीशुब्बा गुरुङले आंफुले प्राप्तगरेको मुख्यमन्त्रिको पद नेपाली कांग्रेसका कृष्णचन्द्र नेपालीलाइ उपहार स्वरूप हस्तातन्त्र गरे। उक्त उपहार प्राप्तगरेवापत कृष्णचन्द्रले पृथ्वीशुब्बा गुरुङलाइ भूपू मुख्यमन्त्रिको हैसियत ले मनग्गे सुविधा दिने निर्णयगरे। क्या गजब छ संसदीय व्यवस्थाको नाटक पृथ्वी शुब्बालाइ देखाएर भोलि त आँफुपनि भूपू भइन्छ। त्यो सुविधा आँफै कुम्ल्याउन वाटो अहिले देखिनै सोझ्याई राख्नुपर्यो यस्तो महत्वपूर्ण निर्णय अरूप्रदेशले पनि क्रमश गर्न छुटाउन भएन है।

६) आलोपालो सरकारको नेतृत्वगर्ने पार्टीको विभिन्न फाउन्डेसन प्रतिष्ठान गठन गरेर राष्ट्रको ढुकुटी अपचलनगरेको नेपाली जनताले प्रष्ट देख्ने गरि गरिएको छ। मदन भण्डारी फाउन्डेसन, झलनाथ खनाल सर्प फाउन्डेसन मनमोहन अधिकारी फाउन्डेसन गरिवसंग विश्वेश्वर , मंगला देवी फाउन्डेस , गणेशमान फाउन्डेसन, कृष्णप्रसाद भट्टराई फाउन्डेसन कति हो कतिको नामवाट आफ्नो नाता परिवारका मान्छे पाल्ने गुटखर्चको जोहोगर्ने आदिआदि गरेर देशको ढुकुटी स्वाहा पारेपछि देशको उन्नति हुन्छ कसरि ?

७) रास्ट्रघात - हाम्रो सार्वभौम देशमाथि छिमेकी देश भारतको छिमेकी नीति सकारात्मक छैन। जहिले पनि भारत सानो २ मिटरसीमा मिच्नेदेखि सिङ्गो नेपालको अस्तित्वमाथि नै षडयन्त्रको तानावाना बुनिरहेको हुन्छ। नेपालको प्राकृतिक सम्पदा, ढुङ्गागिट्टी, बालुवा, पानी, हिमाल, खनिज पदार्थ कब्जा गरिसकेको छ। वाँकी रहेल पहेलपनि हातपार्न खोजिरहेको छ। जसका विरुध्द देशभक्त नेपालीहरूले सघर्ष गरिरहेका छन। मातृभूमिको लागि वलिदान वलिदानै दिएकाछन्, मत्ता साढे सुन्दैसुन्दैन यसको मूलकारण केहो भने नेपालका हिजोदेखि आजसम्म शासकहरूको आत्मसमर्पणवादी नीति र कुर्ची प्राप्त गर्नको लागि मालिकसंग त्वमः शरणम गर्ने रास्ट्रियताको सवालमा एकशब्द न वोल्ने सधैं भारतको नुनको सोझो गर्ने यही कारणले नेपालको राष्ट्रियता कमजोर भएको हो र खतरामा परेको हो। नेपाली जनता वाहिरी शक्तीसंगभन्दा देशभित्रैका रास्ट्रघातीहरूसंग सधै डराउन पर्ने कहिले नदीनाला भारतलाइ बुझाएका छन् त कहिले नागरिकता वेचेका छन्। कहिले रास्ट्रीय उद्योगधन्दाहरू बेचेकाछन् त कहिले हिमाल वेचेका छन्। नेपालि छोराहरू त हिजोदेखि भारतलाई वेचेकै थिए। वर्तमानमा छोरीवेच्चने निर्णयपनि गरेछन्। हामी नेपालि सधै डरैडरमा बाँच्चनु पर्ने कहिले कुन शासकले कुन रास्ट्रघातीकाम गर्ने हो अथवा कुन दिन खोरको कुन वाख्रोहराउने हा। अन्य विदेशी रास्ट्रहरूले हामीलाई त्यस्तो दुख दिएका थिएन् तर अव नेपालकै शासकहरूले निम्ता दिएर फेरी अमेरिका विषहालेको मिठाई लिएर आउने तयारीमा। नेपालका शासकहरूले रातोकार्पेट विच्छ्याएर स्वागत गर्न आतुरछन्। वाँकीरहेको नेपालको रास्ट्रीयता समाप्तपार्ने खेलमा नेपालका संसदीय पार्टीहरू कम्मर कसेर लागेकाछन।

*२०७८/३/२७ भरतपुर - १४*

# पाख्रिन दाइसँगका बसउठ



❑ मोदनाथ मरहट्टा

भोट माग्ने अभियानमा खैरहनीको वस्तितिर चुनावी पर्चा बाँड्दै थियौं। भाइ अमृत चपाईँले दुःखद खबर सुनबउ- 'खुशीराम पाख्रिन दाइ गीत गाउँदै ढलेछन्।' मान्यताहरू फरक भएपछि अभियान, योजनाहरू पनि फरक हुँदा रहेछन्। खुशीराम दाइ प्रचण्डको चुनावी सभामा भोट माग्ने अभियानमा गीत सङ्गीत सुनाउँदै गर्दा ढलेर अस्पताल लगिएछन्। साँझ उनको निधन भएछ। खबर सुनेर मन अमिलो भयो।

भोलिपल्टको चुनावी अभियान छोट्याएर बिहानै म कृष्णपुर पुगेँ। कृष्णपुरको पार्टी कार्यालयमा अन्तिम श्रद्धाञ्जलीपछि म आफ्नै कामतिर फर्किएँ। दाइसँग जोडिएका इतिहासका ती उत्साहपूर्ण दिनले मलाई दिएको उर्जा र वर्तमानलाई तुलना गरेँ, कति फरक पर्दो रहेछ आवद्धताले अन्तरसम्बन्धमा ! सो कुरा दाइको शोकसभामा अनुभुत गरेको थिएँ। हिजो एउटै सङ्गठनमा रहँदाको अवस्था र आज फरक सङ्गठनको नाताले उपस्थित हुँदा आनतानको अनुभूति गरेको छु। सायद त्यो बेला कतिपय मित्रहरूलाई लाग्यो पनि होला गोरखाको एउटा कूनाको माष्टर खुशीराम सित के सम्बन्ध होला। तर खुशीराम दाइसित त्यो भावना थिएन र म जस्तो भुइँतहको फुच्चे सांस्कृतिककर्मीलाई नजोडौं। विषयहरू अलि गहिरा पनि छन्।

म गोरखाकै बासिन्दा हुँ र जन्मका हिसाबले खुशीराम दाइ गोरखाली नै हुन्। साथै उनी गीत सङ्गीत नृत्य समेतको ज्ञाता र सङ्गठक भएका कारण म पनि जोडिने र सिक्ने अवसर पाएको थिएँ। २०३८ को हिँउदमा खुशीराम पाख्रिन र कोमल धितालको एउटा टीम गोरखा पुगेको थियो। 'गैंती बेल्चा उचालेर' बोलको गीत पहिलो पटक मैले सुनेको थिएँ। त्यसै गीतबाट ममा उनीप्रतिको एउटा धारणा बनेको थियो। त्यसपछिका दिनहरूमा आक्कल झुक्कल च्याङ्ली, गाइखुर, हर्मीतिर हुने गीति कार्यक्रममा सहभागी हुँदै रहन्थ्यो।



२०४८ पछि म गोरखा जिल्लाको जनसांस्कृतिक सङ्घको सचिव बनेपछि भने गोरखामा हुने प्राय सबै कार्यक्रममा मेरो सहभागीता रहन थाल्यो। खुशीराम दाइको सङ्गत र प्रशिक्षणले गोरखामा सांस्कृतिक कर्मीहरूको विशाल सहभागीता रह्यो। 'भ्याली सांस्कृतिक टिम'बाट शिव श्रेष्ठ, हरिश्चन्द्र श्रेष्ठहरू गोरखा आएपछि खुशीराम दाइकै उपस्थितिमा 'अभियान सांस्कृतिक परिवार' गठन गरियो। जसमा शिव श्रेष्ठ, हरिश्चन्द्र श्रेष्ठ, कौशिला गुरुङ, भरत खनाल, शान्ति श्रेष्ठ लगायत हुनुहुन्थ्यो।

२०५० पुसमा किसान जागरण अभियानसँगै सांस्कृतिक टिमले जिल्लाका केही ठाउँहरूमा गीति कार्यक्रमको योजना पार्टीले तयार गर्‍यो। पार्टीले जनयुद्धको थालनी गर्नु पूर्व स्थानीय कलाकारहरूलाई प्रशिक्षित र सङ्गठित गर्न आवश्यक ठान्यो। म आक्कल झुक्कल गाउँमा हुने सांस्कृतिक कार्यक्रमहरूमा मादल बजाउने र गीत गाउने गर्दथेँ। अर्कोतर्फ सांस्कृतिक सङ्गठनको जिल्ला सचिव हुनुको नाताले तात्कालिक पार्टी जिल्ला सेक्रेटरी सुरेश वाग्ले (क.वासु)ले मलाई केही समय विदा लिएर टोलीसँगै अभियानमा जोडिन निर्देशन गर्नु भयो। म एक हप्ताको छुट्टी लिएर गोरखाको बतासे पुगेँ। सांस्कृतिक टोलीमा कौशिला गुरुङ, चुनु गुरुङ, शारदा श्रेष्ठ, वर्षा गजमेर अन्जान विरही लगायत हुनुहुन्थ्यो। बतासेबाट शुरु भएको अभियान नामजुङ्ग, वुङ्कोट, अश्राङ, देउराली ताप्ले, बगुवा हुँदै तान्द्राङको काउले पुगियो। म सोही गाउँमा शिक्षण गर्थें। तान्द्राङमा एक हप्ते प्रशिक्षण भयो र स्थानीय कलाकारहरूको इकाइ निर्माण गरियो। 'योद्धा सांस्कृतिक परिवार' नाउँको। सो इकाइका पाँच जना बहिनीहरू मातृका धिताल, विमला पोखरेल, रिता बञ्जरा, रिता लामिछाने, कल्पना बञ्जराहरू त जनयुद्धमा सहिद भए। यिनीहरू मेरा विद्यार्थीहरू पनि थिए। तान्द्राङदेखि टोली गोरखाको पश्चिमी क्षेत्र मोडियो। टोलीले देउराली, च्याङली, भिरकोट, गाइखुर लगायतका गाउँमा कार्यक्रम सञ्चालन गर्‍यो। त्यति बेलासम्म उमा भुजेल र पम्फा कुमाल पनि सांस्कृतिक टीममा जोडिन आए। हर्मी छोप्राक गाँख, पाल्खु, नारेश्वर हुँदै टीम सदरमुकाम भित्रियो। सदरमुकाममा सातदिने प्रशिक्षणपछि हामीले टिकटमा कार्यक्रम प्रदर्शन गर्‍यौं। त्यो यति भव्य रह्यो कि जिल्लाको ठूलो भनिएको गोरखकाली चलचित्र घरले दर्शक थेग्न सकेन। पाख्रिन गीत सङ्गीतमा मात्र होइन अभिनयका पनि प्रशिक्षक थिए। उनका कतिपय गीतमा नृत्य होइन अभिनय प्रधानका हुन्थे। एक पटक गोरखाको ताप्लेको कालिका प्रा.वि.को आँगनमा सांस्कृतिक कार्यक्रम हुँदै थियो। गोरखा बजारबाट भारी बोकेर *बाँकी ६ पेजमा*

# संसदीय व्यवस्था र नयाँ जनवाद

## 'संसद खसिको टाउको झुन्ड्याएर कुकुरको मासु बेच्ने पसल हो ।' -माओत्सेतुङ



● हस्तबहादुर केसी ●

संसदीय व्यवस्था पुँजीपतिवर्ग र साम्राज्यवादीहरूले अंगाल्दै आएको शासन प्रणाली हो । समाज विकासका क्रममा सामन्तवादका विरुद्ध संघर्षको क्रममा संसदीय व्यवस्थाको जन्म भएको हो । यसको जग हाल्ने काम सन १६८८ - १६८९ मा बेलायतमा भएको पार्लियमेन्टमा शक्ति हस्तान्तरण गर्ने, राजाको हातबाट सम्पूर्ण शक्ति खोस्ने, राजा जेम्स द्वितीयको पतन पछि विलियमलाई सत्तामा पुर्याउने जुन क्रमबेलले त्यस क्रान्तिको नेतृत्व गरेका थिए, त्यसैबाट संसदीय व्यवस्थाको शुरुवात भएको थियो । विश्को राजनीतिक इतिहासमा सन १६८८ मा बेलायतमा जुन गौरवमय क्रान्ति सम्पन्न भएको थियो, त्यसकै परिणामस्वरूप विश्वमा पहिलो पटक संसदीय व्यवस्थाको स्थापना भएको थियो । पछि अमेरिकी स्वतन्त्रता संग्राम र फ्रान्सिसि राज्य क्रान्तिले सुव्यवस्थित रूप दिएको थियो ।

यस प्रकारको शासन प्रणालीलाई पार्लियमेन्ट (व्यवस्थापिका सभा वा मन्त्रीमणडलवाद पनि भनिन्छ । पार्लियमेन्ट सभालाई संसद भनिन्छ । यो शब्द बेलायती व्यवस्थापिकाबाट आएको हो । मूलतः यसलाई मन्त्रीमण्डलवाद भनिन्छ ।

संसदीय व्यवस्थाको दार्शनिक आधार 'बहुलवाद' हो । यश व्यवस्थामा बहुमतको सरकार अल्पमतको प्रतिपक्ष रहने संम्वैधानिक व्यवस्था गरिएको हुन्छ र बहुमतको सरकार, अल्पमतको प्रतिपक्ष, कानुनी शासन, मानवोधिकार जस्ता गुलिया नाराहरू दिने गरिएको छ ।

माथि पनि उल्लेख गरिएको छ, सामन्तवादका विरुद्ध संघर्षको क्रममा संसदीय व्यवस्थाको जन्म भएको हो । इङ्गल्याण्ड र फ्रान्सका पुँजीपतिहरूले स्वतन्त्रता, समानता र भातृत्वको नारा लगाउँदै अगाडि बढेर यिनै नारालाई केन्द्रविन्दु बनाई पश्चिमी युरोपका कैयौं देशहरूमा पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गरेका थिए ।

त्यो बेला पुँजीपतिवर्ग प्रगतिशील वर्ग थियो र त्यसले अगाडि सारेको राजनीति अर्थात् संसदीय व्यवस्था पनि प्रगतिशील थियो तर आज त्यो युग र त्यो परिस्थिति समाप्त भइसकेको छ र त्यसै गरि आज पुँजीपति वर्ग र उसको व्यवस्था संसदीय प्रजातन्त्रको प्रगतिशीलता पनि समाप्त भएर एकाधिकारी पुँजीवाद अर्थात् लेनिनको भाषामा मरणासन्न पुँजीवादमा पुगेर साम्राज्यवादमा पतन हुन पुगेको छ ।

नेपाली जनताका राष्ट्रियता, जनतन्त्र र जनजीविकाका आधारभूत समस्याहरूको समाधान कसरी हुन सक्छ ? त्यसका लागि संसदीय व्यवस्था उपयुक्त व्यवस्था हो अथवा नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवाद ? आज वर्तमान नेपाली राजनीतिको बहसको मुख्य विषय यही कनेको छ ।

आज कुन पार्टी जनताको पक्षमा काम गर्ने पार्टी हो र कुन होइन, यो कुरा छुट्यायनका लागि कुन व्यवस्थावाट जनताका आधारभूत समस्या हल हुन सक्छन् र कुनबाट सक्तैनन् ? यो कुरा स्पष्ट हुन जरुरी छ र त्यसैका आधारमा राजनीतिक पार्टीहरूलाई चिन्न र बुझ्न सजिलो हुन्छ ।

पुँजीवाद मध्ययुगीनताका तुलनामा प्रगतिशील भए पनि जब पुँजीवादको विकासका साथसाथै सर्वहारा वर्गको पनि विकास भएर गयो, जब पुँजीपतिवर्ग सर्वहारा वर्गको पनि विकास भएर गयो, जब त्यसले आफ्नो हकहितका लागि लड्दै पेरिस कम्युनका सर्वहाराहरूमाथि पाशविकर क्रुर आक्रमण गर्यो, जब पुँजीवाद साम्राज्यवादमा विकसित भयो र त्यसले आफ्नो देशका श्रमजीवी वर्ग मात्र होइन, अविकसित देशका जनताको शोषणका लागि पुँजी निर्यात एवं खुला सैनिक आक्रमण र हस्तक्षेप समेत गर्न पुग्यो, त्यो बेला देखि पुँजी रवादको अर्थ युध्दपिपासु साम्राज्यवाद बन्न पुग्यो ।

त्यसपछि स्वतन्त्रता, समानता र भातृत्वको नाराका विरुद्ध खडा हुन पुग्यो । त्यसले मुखमा प्रजातन्त्रको र हातमा बन्दुकको सहारा लिएर जनतामाथि अधिनायकवाद चलाउन पुग्यो । यसै व्यवस्थाको गर्भबाट हिटलर, मुसोलिनी, च्याङकाइसेकहरूको जन्म हुन पुग्यो र त्यसै क्रममा नरसंहारकारी प्रथम र द्वितीय विश्वयुध्दका घटनाहरू घट्न पुगे ।

संसदीय व्यवस्था पुँजीपति वर्गले प्रजातन्त्र र लोकतन्त्रको दुहाई दिएर कहिल्यै नथाक्ने तर 'मुखमा राम राम बगलीमा छुरा' भने झैं एउटा हातमा प्रजातन, मानवअधिकार, लोकतन्त्रका नारा बोकेर हिड्ने र अर्को हातमा बन्दुक बोकेर नरसंहार गर्दै हिड्ने व्यवस्था हो ।

साथै यसै क्रममा पुँजीवाद र संसदीय व्यवस्थाको विरोधमा, सम्पूर्ण शोषण र अन्याय अत्याचारको विरोधमा सर्वहारा जनवाद र वर्गमुक्तिको नारा घन्काउदै मानवजातिको इतिहासमा सबैभन्दा क्रान्तिकारी र सबैभन्दा प्रगतिवादी वर्गका रूपमा सर्वहारा वर्ग उदायो । विश्वमा सर्वहारा वर्ग नयाँ युग र नयाँ क्रान्तिको नायक बनेर जन्मियो । यश वर्गको मुक्तिको मार्गनिर्देशन गर्नका लागि कार्ल मार्क्स (१८१८-१८८३) र फ्रेडरिक एंगेल्स (२८२०-१८९५) द्वारा मार्क्सवादको प्रादूर्भाव भयो । त्यस पछि विश्व सर्वहारा वर्ग आफ्नो मुक्तिको सैध्दान्तिक हतियार मार्क्सवाद र मार्क्सवादी दर्शनले लैस हुन पुग्यो ।

त्यस पछि रुसमा सन १९१७ मा सर्वहारा वर्गको नेतृत्व र अधिनायकत्वमा महान् महान् रुसी अक्टोबर समाजवादी क्रान्ति सम्पन्न भयो । त्यसै क्रममा पूर्वी युरोपका २० औ देशहरूमा सोभियत मोडेलको समाजवाद लागु गरियो । त्यस पछि भियतनाम, कोरिया हुँदै सन १९४९ मा चीनमा महान् चिनिया नयाँ जनवादी क्रान्ति सम्पन्न हुनुका साथै त्यसैबेला विश्वका कैयौं उत्पीडित देशहरूमा सर्वहारा वर्गको नेतृत्व र जनताको संयुक्त अधिनायकत्वमा नयाँ जनवाद क्रान्ति सम्पन्न भएर समाजवादी क्रान्तिको बाटोमा अगाडि बढे ।

यी सबै ऐतिहासिक घटनाक्रमबाट विश्वमा संसदीय व्यवस्था पुरानो र कालातित बस्तु बन्न गयो र आज साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा नयाँ जनवाद र वैज्ञानिक समाजवाद मात्र क्रान्तिकारी र आम जनसमुदायको सच्चा व्यवस्था प्रमाणित हुन पुग्यो ।

संसदीय व्यवस्थाका बारेमा निकै भ्रम छ । आज हाम्रो देश नेपालमा पनि सढेगलेको पुरानो संसदीय व्यवस्था चलिरहेको छ । साथै आज हाम्रो देशमा त भनै प्रजातन्त्र भन्ने बित्तिकै यो सबै वर्गका लागि साझा व्यवस्था हो भन्ने ठूलो भ्रम छ । नेपालका संसदीयहरूले संसदीय व्यवस्था संसार कै उत्तम व्यवस्था हो भनिरहेका छन् ।

संसदीय व्यवस्था कस्तो हो भने पहिलो उदाहरण पेरिस कम्युनमाथि गरिएको भीषण दमन र नरसंहारले उद्घाटन गरिदियो । नेपाल मै पनि विभिन्न समय र कालखण्डमा सञ्चालन गरिएका जनआन्दोलन, जनसंघर्ष, वर्गसंघर्ष र महान् दस वर्षे जनयुद्धको प्रक्रियामा तथाकथित संसदीय व्यवस्थाले हजारौं, लाखौं नेपाली जनतामाथि गरिएको नरसंहारलाई उदाहरणको रूपमा लिन सकिन्छ ।

अर्को शब्दमा संसदीय भनेको ढाँट, सिल्ली, जाली-झेली र जनता र राष्ट्रका षड्यन्त्रकारीहरूको जनविरोधी र राष्ट्रघातिहरूको व्यवस्था हो ।

साम्यवादका सिध्दान्तकार कार्ल मार्क्सले संसदीय व्यवस्थालाई 'बुर्जुवाहरूको गफ गर्ने थलो' हो भनेर परिभाषित गर्नु भएको छ । साँच्चिकै मार्क्सले भने झै आज संसदीय व्यवस्था बुर्जुवा प्रतिक्रियावादीहरूको गफ गर्ने थलो बनिरहेको छ र जनतालाई झुक्याएर, छक्याएर, ढाँटेर वा जनताका बीचमा गुलिया नारा दिएर झुक्याएर भोट मागेर सत्तामा पुगेर जनताको विरुद्धमा शासन चलाउने व्यवस्था प्रमाणित हुन पुगेको छ ।

सर्वहारा वर्गका महान् नेता लेनिनले संसदीय व्यवस्थाका बारेमा अगाडि भन्नू हुन्छ- 'अमेरिकादेखि स्वीट्जरल्याण्डसम्म, फ्रान्सदेख इङ्गल्याण्ड, नर्वे आदि सम्म चाहे कुनै संसदीय देशलाई लिनुहोस्, राज्यका असली काम गर्दाको आडमा फत्ते गरिन्छन् र त्यो काम दफ्तर र फौजी सदरमुकाममा पर्दछ । संसदलाई आम जनतालाई बेबकुफ बनाउने उद्श्येले बक्वास गर्नका लागि जिम्मा लिइन्छ ।" आज लेनिनले भने जस्तै इतिहासमा के कुरा प्रमाणित गरिसकेको छ भने संसदीय व्यवस्था जनतालाई बेबकुफ व्यवस्था बाहेक अरु केही पनि होइन ।

उदाहरणको रूपमा लेनिनले भन्नु भए झै नेपालका संसदीयहरू र संसदीय व्यवस्थाले नेपाली जनतालाई बेबकुफ तुल्याउँदै आएका छन् ।

त्यस्तै संसदीय व्यवस्थाका बारेमा विश्व सर्वहारा वर्गका महान् नेता तथा चिनिया कम्युनिस्ट पार्टीका अध्यक्ष कमरेड माओ त्सेतुङले 'संसदीय व्यवस्था भनेको खसीको टाउको झुन्ड्याएर कुकुरको मासु बेच्ने पसल हो' भन्नुभएको छ । साँच्चिकै आज कमरेड माओकै शब्दमा नेपालका संसदीय पार्टी र तिनका नेताहरू र सिंगो संसदीय व्यवस्थाले सिंहदरबारमा खसीको टाउको झुन्ड्याएर नेपाली जनतालाई कुकुरको कुहिएको मासु बेचिरहेका छन् । र, जनतालाई बेबकुफ तुल्याइरहेका कुरा दिनको घाम जत्तिकै छर्लङ्ग भइसकेको छ । आज विश्वभर सञ्चालन गरिरहेका पुँजीपतिहरू र साम्राज्यवादीहरूले नेपालमा जस्तै विश्व जनतालाई खसीको टाउको देखाएर कुकुरको कुहिएको मासु बेचेर बेबकुफ बनाइरहेका छन् ।

आज नेपालमा दक्षिणपन्थी संशोधनवादको बाटो हुदै प्रतिक्रान्तिकारी तथा प्रतिक्रियावादी विजातीय कित्तामा सामेल भएर प्रतिक्रियावादी सरकार सञ्चालन गर्दै आएका तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) र आजको नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) जस्ता नामधारी तथा नक्कली कम्युनिस्टहरूले आज 'जनवादी क्रान्ति सम्पन्न भइसक्यो, राजनीतिक क्रान्ति सम्पन्न भइसक्यो, अब आर्थिक क्रान्ति गर्ने हो' भनेर जनताका बीचमा भ्रम छरिरहेका छन् ।

नेपाल अहिलेसम्म पनि अर्ध सामन्ती र नवऔपनिबेशिक अवस्थामा रहेको छ । आज नेपालमा गरिने क्रान्ति भनेको नयाँ जनवादी क्रान्ति हो र महन् नेपाल नयाँ जनवादी क्रान्तिले मात्र वैज्ञानिक समाजवादमा पुग्ने बाटो तय गर्ने छ ।

अन्त्यमा आज नेपालमा संसदीय व्यवस्थाको औचित्य समाप्त भइसकेकोले अब जनताको संघीय जनगणतन्त्रको स्थापना अपरिहार्यता आवश्यकता बन्न पुगेको छ । अर्थात् संसदीय व्यवस्थालाई ध्वंस गरेर जनताको संघीय जनगणतन्त्रात्मक नयाँ राज्यव्यवस्थाको स्थापनाको विकल्प छैन । र विश्व सर्वहारा क्रान्ति अवश्यम्भावी छ । यो भीषण वर्गसंघर्षको बलबाट मात्र यसको प्राप्ति संभव छ । र, महान् नेपाली जनवादी क्रान्ति सम्पन्न गर्नका लागि नेपालका सबै क्रान्तिकारी कम्युनिस्ट पार्टीहरू एकीकृत भएर बृहत क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माण गर्न अनिवार्य छ । वर्गसंघर्ष नै यसको मुख्य आधार हो । यो भन्द अर्को कुनै विकल्प छैन ।

*(लेखक अन्तर्राष्ट्रिय लेखक तथा पत्रकार केन्द्रका अध्यक्ष हुन्)*

# पात्र फेरेर केही हुँदैन, देश र जनताको लागि व्यवस्था फेर्नुपर्छ : नेता शर्मा







❑ **अनु निरौला**

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले काठमाडौंको माइतीघर मण्डलामा विरोध प्रदर्शन गरेको छ । नेकपा (क्रान्तिकारी माओवादी ) ३ नं प्रदेशको आयोजनामा गरिएको विरोध प्रदर्शन भव्य रूपमा सम्पन्न गरेको हो । विरोध कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी) का पोलिटब्युरो सदस्य तथा ३ नं प्रदेशका इन्चार्ज दिनेश शर्मा सागरले मुलुकमा उत्पन्न संकटको समाधानका लागि संघीय जनगणतन्त्र स्थापना अनिवार्य रहेको कुरामा जोड दिनुभयो । उहाँले संसदको पुनर्स्थापनाबाट राष्ट्रिय स्वाधीनता, जनअधिकार तथा जनजीविकाका समस्याहरू समाधान नहुने भन्दै ओलीको ठाउँमा देउवा प्रधानमन्त्री बने पनि राष्ट्र र जनसर्वसाधारणलाई कुनशे फरक नपर्ने विचार व्यक्त गर्नुभयो ।

संसदीय शासकहरूले पटक पटक राष्ट्रघात र जनघात गरेको भन्दै विगतमा जनघात र राष्ट्रघात गर्नेहरूमा नेपाली कांग्रेसका नेता शेरबहादुर देउवाको नाम पनि अग्रपंक्तिमा रहेको बताउनु भयो । पात्र होइन व्यवस्था फेर्नुपर्नेमा उहाँलेले जोड दिनुभयो ।

विरोध कार्यक्रको सञ्चालन पार्टीका पीवीएम तथा देशभक्त जनगणतान्त्रिक मोर्चाका ३ नं प्रदेशका अध्यक्ष पवनमा श्रेष्ठले गर्नुभएको थियो ।

कार्यक्रममा सरकारले गरेका जनघात र राष्ट्रघातका विरुद्ध चर्को नाराबाजी गरिएको थियो ।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# कला मानवीय समवेदनाको उत्कृष्ट प्रस्फुटन हो -चैतन्य




इच्छुक सांस्कृतिक प्रतिष्ठानले हरेक बर्स मनाउँदै आएको बार्सिक कार्यक्रम बुधबार सम्पन्न गरेको छ। जेठ १३ गते गरिने 'इच्छुक स्मृति तथा सांस्कृतिक वलिदान दिवस' यस बर्स कोभिड १९का कारण देश पूर्ण रूपमा बन्दाबन्दी भएकोले स्थगित गरिएको थियो। वलिदान दिवस भने जेठ १३ गते नै भर्चुअल माध्यमबाट अन्तरक्रिया कार्यत्रम गरी सम्पन्न गरिएको थियो। यतिखेर भने पुरस्कार तथा सम्मान प्रदान गर्ने कार्यक्रम सम्पन्न गरिएको प्रतिष्ठानका अध्यक्ष हिरामणि दुःखीले जनाएका छन्।

यस बर्स इच्छुक स्मृति पुरस्कारबाट प्रगतिवादी धारका प्रखर कवि सिन्धुलीका बलराम तिमल्सिनालाई प्रदान गरिएको छ। उक्त पुरस्कारको राशी एक लाख नगद सहित् सम्मानपत्र र दोसल्ला रहेको छ। त्यसैगरि इच्छुक प्रतिभा पुरस्कार साहित्यतर्फको प्युठानकी सीता वि.क.'सम्झना'लाई दिइएको छ भने कलातर्फको इच्छुक प्रतिभा पुरस्कार दोलखाका सङ्गीतकर्मी यामकुमार थामी 'रमण'लाई प्रदान गरिएको छ। प्रतिभा पुरस्कारको राशी नगद जनही पच्चीस हजार, सम्मानपत्र र दोसल्ला रहेको छ। उक्त पुरस्कारहरू प्रतिष्ठानका संरक्षक एवम् बरिष्ठ मार्क्सवादी सौन्दर्य चिन्तक मोहन वैद्य'चैतन्य'बाट प्रदान गरिएको हो।

पुरस्कार प्रदान समारोहलाई सम्वोधन गर्दै चैतन्यले कलाको महत्व बारे भन्नुभयो-'कला मानवीय समवेदनाको उत्कृष्ट प्रस्फुटन हो' उहाँले जनयुद्धमा सांस्कृतिक मोर्चाको महत्वपूर्ण भुमिका रहेको जनाउनु हुँदै 'संस्कृति, राजनीति र बन्दुक सँगसँगै गएको' बताउनुभयो। चैतन्यले संस्कृति राजनीतिकै विचारधारात्मक मोर्चा भएकाले अग्रगामी धाराका संस्कृतिकर्मीहरू एकजुट भएर अगाडि बढ्न आवश्यक रहेको औंल्याउनु भयो।

वर्तमान सत्ताको चरित्रबारे व्यख्या गर्दै चैतन्यले यतिवेला सङ्कटग्रस्त बन्दै गएको संसदीय व्यवस्था, संसोधनवाद र राज्यसत्ताको कुरूप चरित्र उदाङ्गो भएको र त्यसको भण्डाफोर स्वयम वर्तमान संसदवादी पार्टीहरूले गर्दै गएको बताउनु भयो। उहाँले ओली यो सङ्कटग्रस्त व्यवस्थाको कुरूप पात्र रहेको र अरू पार्टीका नेताहरूको पनि बाटो त्यही भएको धारणा राख्नु भयो।

कार्यक्रमलाई प्रतिष्ठानका सल्लाहकार प्राध्यापक तक्मा केसीले जनयुद्धमा त्यति ठूलो बलिदानी गरेका नेताहरूले बाटो विराएर जनयुद्ध विरोधीहरूसँग घाँटी जोड्दा जनतामा निरासा पैदा भएको बताउनु भयो। पुरस्कार छनोट समितिका संयोजक प्रा.डा.जगदीशचन्द्र भण्डारीले पुरस्कृत स्रषटाहरूको व्यक्तित्व र छनोट प्रकृयाका बारेमा चर्चा गर्नु भएको थियो। कार्यक्रमलाई प्रतिष्ठानका कार्यसमिति सदस्य प्रा.डा.ताराकान्त पाण्ड्येले स्वागत गर्नु भएको थियो। प्रतिष्ठानका अध्यक्ष हिरामणि दुःखीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सदस्यसचिव मित्रलाल पंज्ञानीले गर्नु भएको थियो।

## ❑ यो साताको कविता

### उनी मरेका छैनन् !


❑ बलराम तिमिल्सिना

*आयु पुगेछ झरौं भनेर*
*तारा झरेका छैनन् ,*
*मरे भनेको हल्ला रैछ*
*उनी मरेका छैनन् ,*
*बसिरहेछन् एतै कतै*
*इच्छुक मरेका छैनन् !*
*लेखिरहेछन् गीत कविता*
*अल्छि गरेका छैनन्,*
*अविचल छन् अठोटमा*
*बसाइँ सरेका छैनन् ,*
*कसले भन्यो मरे भनेर*
*उनी मरेका छैनन् ,*
*अजर अमर छन् सँधै सँधै*
*इच्छुक मरेका छैनन् !*
*कविहरूका हृदयभरि*
*कविता बनेर बस्छन् ती,*
*दुःखीहरूका नयनबाट*
*आसु बनेर खस्छन् ती,*
*कविताभरि सँधैभरि*
*आगो बनेर पस्छन् ती,*
*अरिहरूका शरीरमा*
*तक्षक बनेर डस्छन् ती !*
*लड्न डरेर दुःखसँग*
*खोला तरेका छैनन् !*
*कसले भने मरे उनी*
*इच्छुक मरेका छैनन् !!*
*मजदूरहरूका जुलुसमा*
*नारा बनेर हिड्छन् ती,*
*हर समरका सकसहरूमा*
*योध्दा बनेर भिड्छन् ती,*
*नानीहरूका मुहारमा*
*मुस्कान् बनेर फुल्छन् ती,*
*उठ जुट लड भनेर*
*बस्तीहरूमा डुल्छन् ती !*
*झुक्ने ढुक्ने भुक्नेतिर*
*मनै गरेका छैनन् !*
*गाउँभरि छन् सहर भरि छन्*
*इच्छुक मरेका छैनन् ! !*
*आऊ कवि गीतकारहरू*
*इच्छुक रचेर वाँचौं,*
*आऊ मजदूर किसानहरू*
*इच्छुक लडेर वाँचौं,*
*आऊ वुध्दिजीवीहरू हो*
*इच्छुक-आदर्श वाँचौं,*
*आऊ समरका यात्रीहरू*
*इच्छुक उद्देश्य वाँचौं !*
*गगनभरि छन् ताराहरू*
*भूइँमा झरेका छैनन् !*
*अजम्मरी हुन् यथार्थमा*
*इच्छुक मरेका छैनन् ! !*

*२०७८/०३/३०*
*माइतीघर*

## पाखिन...

खारचोक हिँडेका भरियाहरू त्यहींको चौतारोमा भारी बिसाएर बास बसेका थिए। 'अर्काको भारी बोकेर हामी' बोलको गीतमा गीति नृत्य चल्दै थियो। गीतका शब्द र भाव सामान्य जनताले सजिलै बुझ्ने खालका थिए जस्तो कि-

*चाडपर्व आउँदा त्यो बूढो बाउलाई एक पेट खुवाउन,*
*इज्जत ढाक्ने एक टालो आङमा जहानलाई पुर्‍याउन*
*अफ्ठेरो बाटो ग्रहुङ्गो भारी जोगाउँदै बिसाउँदै*
*सहेर कष्ट हजारौं दुःख रुँदै मन बुझाउँदै*
*पौवामा बिसाइ फुक्नु छ आगो बेलुकी साँझमा*
*घरलाई सम्झी विषालु काँढा मुटुको माझमा ।*

सिकारुको अभिनयमा यी शब्दले दर्शक बनेका भरियाहरू भलभली रोए। पाखिनका गीतहरू वर्गबोधी थिए। स्वरको मिठास सङ्गीतको लालित्य र शब्दहरूको संयोजनले श्रोता र दर्शकहरू प्रवाभित हुन्थे। भुमिहीन किसानहरूका पीडाबोधी गीतहरू साँच्चै मार्मिक थिए।

*आज भोली बेलटारीमा बेलुका सँधै गुमानेले सनाइ बजाउँछ,*
*कतिसारो उराठ लाग्दो बिरहको भाकाले मनै रुवाउँछ*

'कालो वनको बीचैमा खेतालाको गाउँ' बोलको गीतभित्र पस्दा सुकुमवासी वस्ति, उनीहरूका पारिवारिक दुर्दशा र राज्यको चरित्र स्पष्ट चित्रण गरिएका कालजयी गीत हुन्।

गोरखा बजारमा सांस्कृतिक प्रशिक्षण चलिरहेको थियो। कहिले काँही म अन्तरङ्ग कुरा गर्थे - 'दाइ गीतमा शब्दको छनौट कसरी गर्नु हुन्छ ?' 'हाम्रो कला सामान्य जनताका लागि हो, त्यसैले जन भाषाका सरल शब्दको प्रयोग गर्नु पर्छ।' दाइको जवाफ थियो।

खुशीरामका धेरै गीतहरू लोकलयमा आधारित हुन्थे। विचार चेतनाले उच्च तर सरल शब्दमा उनका अधिकांश गीत रचिन्थे।

*विस्तारवादी भारतको नीति विगार्दैछ सबैको स्थिति*
*फाट्यो क्यारे गान्धी जीको शान्ति प्रिय जामा*
*सैनिक प्रभाव फैलँदै छ दक्षिण एशियामा*
*स्वतन्त्र अस्तित्वलाई देख्नै नसकेको*
*अंग्रेजपछि बाच्छो मिच्ने साँढे आफैं भाको*

सामयिक स्थितिको प्रतिबिम्बन हुने खालका गीत रच्नु पाखिनको विशेषता थियो। २०४८ पछि गोरखामा सञ्चालित गीति साँझहरूमा अक्सर म उपस्थित हुने हुँदा म अलि बढी झ्याम्मिएको पनि थिएँ। सायद त्यै लाड प्यार पाएर होला दाइको कार्यक्रममा म मादल भिरेर तम्सन्थे। शिव श्रेष्ठ सारङगीमा हुन्थे भने खुशीराम सङ्गीत अनुसार हार्मोनियम, गीतार वा पियानोसँग हुन्थे। युगल गायनमा शारदा, चुनु र कौशिलाको साथ हुन्थ्यो। दाइको एकल गायनमा कुनै कुनै बेला मादलको तालमा म लट्पटिन्थें तर तुरुन्तै सचिन्थे गीत सकिए पछि दाइले भन्थे- 'बाहुन बिग्रेको' ! खुशीरामको गीत सङ्गीतले थुप्रै युवा युवतीले माओवादी अभियानमा आफूलाई उठाए। गोरखालीको हकमा पनि यो मान्यता लागु भयो। जुन जुन गाउँमा कार्यक्रम हुन्थे ती ती गाउँबाट कलाकारहरू निस्कन्थे र ती कलाकारलाई वैचारिक प्रशिक्षण दिने काम क.वासु र क. श्याम (सुरेश वाग्ले, श्रीनाथ अधिकारी) बाट हुन्थ्यो। गोरखा जिल्लाकै बिबरणमा पनि डेढ दर्जन भन्दा बढी कलाकारहरूले शाहदत प्राप्त गरे।

जनयुद्धले घनिभूत गति लिंदै गएपछि भने मेरो व्यक्तिगत सम्बन्ध पाखिन दाइसित भएन। उनी माओवादी जनयुद्धको सांस्कृतिक मोर्चाको केन्द्रमा सामना परिवारको रूपमा परिचालित भए। २०६३ को शान्ति प्रकृयापछि २०४६ मा भएको जनसांस्कृतिक सङ्घको किर्तिपुर सम्मेलनमा उस्तै र उनै पाखिन दाई भेटिए र भने - बाहुन सन्चै छ।

त्यसपछि दाइ संविधान सभा सदस्य भए। म चितवनको बसाइ भएर पनि गोरखाली नै थिएँ। कृष्णपुरको पार्टी कार्यालय अघिको हलमा हामीले शारदा स्मृति प्रतिष्ठानको गठन गर्‍यौं। त्यो प्रतिष्ठानको अक्षय कोषका लागि पाखिनको तर्फबाट रु. दुई लाख निकाशा भएको व्यहोरा मेरो जानकारीमा छ। त्यो दुई लाख मध्ये एक लाख शारदा स्मृति कोषमा र अर्को एक लाख उनका शहीद पुत्र दोर्जेको नाउमा कोष स्थापना होस् भन्ने उनको चाहना थियो। पछिल्लो एक लाख कहाँ सञ्चित छ वा कुनै सङ्घ, संस्था, व्यक्ति आश्रित छ यो अन्यौल नै छ। यसबारे खोजी गरिनु पर्छ भन्ने ठान्दछु।

नेपाली कम्युनिस्ट आन्दोलनमा लाइन सङ्घर्ष पेचिलो बनेर आएको छ। जनयुद्धमा रगत पसिना बगाएर खडा भएको सङ्गठन २०६९ मा फुट्यो। पाखिन दाइले तत्कालका लागि ने.क.पा.- माओवादीमा आफूलाई उभ्याउनु भयो। हाम्रो कम्युनिस्ट आन्दोलनमा एउटा महारोग के छ भने इतिहासमा उसको योगदानतिर होइन वर्तमानको आवद्धतातिर मात्र साखुल्ले भइन्छ। एउटा तीतो यथार्थ यो आलेखमा उल्लेख गर्न सान्दर्भिक ठान्दछु।

शारदा घरदैलोको एउटा सृङ्खला मंगलपुर आसपासको वन समितिको सह-आयोजनामा चलेको थियो र सो कार्यक्रममा पाखिनको पनि उपस्थिति थियो। कार्यक्रम सुरु भयो। खास खास मानिसलाई मञ्चमा लगियो तर पाखिनबारे साथीहरूले वा त्यतिबेलाको जिल्ला पार्टीले चासो लिएन। कार्यक्रम सुरु भएको डेढ दुई घण्टापछि दाइ बाहिर निस्किए र मलाइ फोन गरे- शारदाको कार्यक्रम छोड्न सकिन र आएँ तर अपमान बोध भयो निस्किएँ। यो बिषयले मलाई गम्भिर बनायो पाखिन बिनाको शारदा हुन्थिन कि हुन्नथिन ?

पछिल्लो चरणमा दाइले आफुलाई परिवर्तन गरे पनि अग्रगामी गीत सङ्गीत र समाजको परिकल्पना गर्दा गर्दै अस्ताए। नेपाली जनवादी आन्दोलनले एउटा होनाहार प्रतिभाको क्षति गर्‍यो।

माओवादी आन्दोलनबारे कतिपय नेतृत्व र नेताहरूमाथि परिवारलाई राजनीतिकरण नगरेको भन्ने प्रश्न उठेका छन् तर पाखिन दाइको परिवारबाट छोरा दोर्जेले शाहदत प्राप्त गरेका छन्।

पाखिन दाइकाअनुसार २०१३ सालमा नाङ्गा पैताला गोरखाको बलाङबाट चितवन झरेको यो परिवार र खुशीरामले चाहेको भए चितवनमा बीसौ विघा जमिन जोड्न सक्थे। उनको कला र गला पञ्चायती शासकको स्तुतिमा लगाएका भए पुरस्कार मान सम्मानको भारी बोक्ने थिए तर उनले थिचिएका पिल्सिएका निमुखाहरूको चेतना सङ्गठन र विद्रोहमा उतार्नु नै आफ्नो जीवनको श्रेय ठाने।

यी जनपक्षीय मिडियाहरु खोजी खोजी पढौं !

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक

रोयल बुईपा A/C जम्बो हाईस

गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०

गाईघाट सम्पर्क नम्बर
फोन नं. - ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस्।

## क्रान्तिकारी...

हुन् । रुस र चीनमा समाजवादलाई पछाडि धकेलेर पुँजीवादी बाटो लिनु पनि प्रतिगमन हो । प्रतिगमन प्रगतिविपरित स्थिति हो, अग्रगमनविरुद्धको स्थिति हो । क्रान्तिकारी कम्युनिस्टहरूका लागि वैज्ञानिक समाजवाद तर्फ जाने मार्ग अवलम्वन नगरी संसदीय व्यवस्थामै (यथास्थितिमा) रहन खोज्नु प्रतिगमन हो । उनीहरूका लागि त ओलीलगायत समग्र संसदीय प्रणालीका विरुद्ध संघर्षको आँधीवेहरी ल्याउनु अग्रगमन हो ।

***इतिहासमा ज्ञानेन्द्रको प्रतिगमन***

नेपालमा प्रतिगमन विरोधी आन्दोलनको रूपमा २०५९ साल असोज १८ गते राजा ज्ञानेन्द्रले तत्कालिन देउवा सरकारले प्रतिनिधि सभाको निर्वाचनको मिति पर सार्नका लागि गरेको शिफारिसलाई इन्कार गरी राजा ज्ञानेन्द्रले संविधानको धारा १२७(२) प्रयोगगरी तत्कालिन देउवा सरकारलाई विघटन गरेर नयाँ सरकार घोषणा गरेपछि सुरु गरिएको आन्दोलनलाई प्रतिगमन विरुद्धको आन्दोलनको नाम दिइएको थियो ।

उक्त आन्दोलनको मूल नारा राजाको स्वविवेकमा मन्त्रीपरिषद गठन नगरी प्रमूख राजनीतिक दलहरूको सहमतिमा सरकारको गठन गर्नका लागि सुरु गरिएको आन्दोलन नै प्रतिगमनविरुद्धको आन्दोलन थियो । तर त्यसलाई राजा ज्ञानेन्द्रले वास्ता नगरी आफ्नै स्वविवेकमा विभिन्न दलहरूबाट मानिस टिपेर मन्त्रीपरिषद गठन गर्ने कार्य जारी राखेका थिए । पछिल्लो अवस्थामा शेरबहादुर देउवालाई बोलाएर प्रधानमन्त्री बनाएपछि नेकपा एमाले पनि प्रतिगमन सच्चिएको भनी दलको सरकार गठन गरेपनि त्यसवेला गीरीजा नेतृत्वको नेकाँलगायत अन्य सातवटा दलहरूले प्रतिगमनविरुद्धको आन्दोलनलाई जारी राखेका थिए । यसरी प्रतिगमनविरुद्धको आन्दोलन चलिरहेको अवस्थामा १९ माघ २०६१मा राजा ज्ञानेन्द्रले यो दलको सरकारलाई पनि अपदस्त गरी आफनै नेतृत्वमा सरकार गठन गरेपछि यो प्रतिगमनविरुद्धको आन्दोलनले नयाँ रूप लिएको थियो । र पछि माओवादीसँग १२ बूँदे सहमति गरी निरंकुश राजतन्त्रको अन्त्य, प्रतिनिधिसभाको पुनृस्थापना, संविधानसभाको निर्वाचनको आन्दोलनमा परिवर्तन भई राजतन्त्रको अन्त्य गरेको थियो । यसरी गणतन्त्र, धर्मनिरपेक्षता, संघयिता र समावेशीताआदि निरङकुश राजतन्त्रको तुलनामा अग्रगमनकारी कार्यथिए, जसको समर्थन गर्नु अग्रगमनकारी शक्तिहरको कर्तव्य वन्दथ्यो, बन्यो पनि । त्यससमयमा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एउटा अग्रगमनकारी काम थियो ।

***संसदीय प्रणालीको स्थापना र नेपाली कांग्रेस***

गणतन्त्रको स्थापनापछि क्रान्तिकारी कम्युनिस्टको कार्यभार हुन्थ्यो नेपालमा वैज्ञानिक समाजवादको स्थापना गर्ने तर्फको मार्गलाई प्रशस्त गर्ने । यही संसदीय प्रणालीलाई शिशु प्रजातनत्रको कसरी रक्षा गर्ने भन्दै घेरै कम्युनिस्टहरू नेपाली कांग्रेसको दलालपुँजीवादी संसदीय व्यवस्थालाई सुदृढ गर्न तर्फ लागे । जवकि दलालपुँजीवादी संसदीय व्यवस्थालाई सुदृढ गर्ने भनेको नेपालको नयाँ जनवादी क्रान्ति हुँदै वैज्ञानिक समाजवादतर्फको मार्ग विरुद्धको काम हो र यो प्रतिगमनकारी कार्य हो । त्यसैले वर्तमान गणतन्त्रसँग जोडिएको संसदीय प्रणाली मार्क्सवादी-लेनिनवादी-माओवादी(माओीिचार) मान्ने कम्य-निस्टहरूका लागि के थियो ? नेपालको संविधान २०७२ उनीहरूका लागि के थियो ? के मालेमावादीका लागि संसदीय व्यवस्थाको अलमलमा पर्ने छुट छ ? संसदीय व्यवस्थाको विरुद्ध संघर्षको तयारी गर्ने कि सवोच्च अदालतले संसद पुनर्स्थापना गरेकोमा अदालत, वोकिल, राजनीतिक दलआदि सबैलाई धन्यवाद दिएर वक्तव्य निकाल्ने ? सर्वोच्च अदालतले अगाडिको ढोकाबाट ब्वाँसो भित्तयाउदै पछाडिको ढोकाबाट स्याल धपाएकोमा गर्व र खुशीयाली मनाएर दिपावली गर्ने काम के क्रान्तिकारी कम्युनिस्टहरूका लागि सही हो त ? नेपाली क्रान्तिका लागि अग्रगमनको मार्ग के हो ? बहसको आवश्यकता छ कि छैन ?

विगतदेखि अहिलसम्म एउटा प्रतिक्रियावादी वर्गको भूमिका निर्वाह गरिरहेको नेकाँको नेतृत्वलाई(झन बदनाम बनेको शेरबहादुरको नेतृत्वको सरकारलाई समर्थन दिएर एउटा क्रान्तिकारी कम्युनिस्टहरूका लागि के त्यो प्रतिगमन विरोधी मार्ग बन्न सक्छ त ? क्रान्ति सफल भइसक्यो । अब क्रान्तिको औचित्य छैन । र, क्रान्ति सम्भव पनि छैन । संसदीय व्यवस्थाको विकल्प नै छैन । आदि इत्यादि भ्रमहरू छरेर जनसमूहलाई दिग्रमित तुल्याउने नेकाँजस्तो राजनीतिक दल कसरी अग्रगमनकारी हुन्छ । सच्चा कम्युनिस्टहरू तथा मार्क्सवादीहरूले संशोधनवादी तथा संसदवादीहरूले छरेका यस्ता भ्रमहरूको निरन्तर प्रतिवाद गर्ने हो कि उनीहरूको पुच्छर बनेर प्रतिगमन विरोधी आन्दोलन भन्दै हिंडने हो ?

के स्पष्ट हो भने सिद्धान्त र व्यवहार दुवै पक्षमा संसदवादी र संशोधनवादीहरूको हरेक भ्रमको प्रतिवाद गर्ने क्रान्तिकारी पार्टीको रूपमा सबैभन्दा खह्रो रूपमा प्रस्तुत हुनु एउटा क्रान्तिकारी कम्युनिस्टको कर्तव्य हुन्छ । नेकपा(क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले 'संशोधनवाद र पश्चगमन' नामक उनको पुस्तकमा भनेका निम्न भनाइहरूले यसवारे महत्व राख्छन, जसमा उनले नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासलाई मार्क्सवाद र संशोधनवादका बीचको भीषण दुई लाइन संघर्षको इतिहास भनेका छन । र 'संशोधनवाद र पश्चगमन' नामक पुस्तकमा उनले लेखेका छन, ँआज रूप तथा संख्यामा बलियो देखिने दक्षिणपन्थी संशोधनवाद मात्र संशोधनवाद नभएर वस्तुतः नवप्रतिक्रियावाद नै हो । यद्यपि त्यसले मार्क्सवादी पोशाक र आभुषणमा सजिएर दुनियाँभरलाई झिलिमिली देखाई दिग्भ्रमित पार्ने कोशिस गरिरहेको छ, परन्तु त्यो अस्थायी कुरा हो । संशोधनवादले जनताका नजरमा नवप्रतिक्रियावादका रूपमा छर्लङ्गै देखिनु वा नाङ्गिनु अनिवार्य छ । यसै क्रममा भीषण चुनौती र अनेकौं जटिलताहरूको सामना गर्दै मार्क्सवाद महान् सम्भावनाका बीचबाट देश र श्रमिक जनसमुदायको मुक्तिका लागि क्रान्तिको मैदानमा पुनः सशक्त रूपमा प्रस्तुत हुनु पनि अनिवार्य नै छ ।

वर्तमानमा पनि नेपालका केही क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूले राष्ट्रिय स्वाधीनता, जनताका अधिकार र जनजीविकाका सवाल तथा कोभिडबाट उत्पन्न परिस्थितिका विषयमा निरन्तर रूपमा आवाज उठाउँदै आएका छन र कहिले माइतीघर मण्डलामा त कहिले रत्नपार्क शान्तिबाटिकामा विरोध प्रदर्शन गर्दै आएका छन । कहिले एकल त कहिले संयुक्त कार्यक्रममा प्रहरीले हस्तक्षेप गर्ने, नेता कार्यकर्ता गिरफ्तारमा पर्ने क्रम पनि निरन्तर चल्दै आएको छ । यी अग्रगमनतर्फका कार्यहरू हुन । यस्ता कार्यहरूको निरन्तरतातर्फ नलागि नेकाँको नेतृत्वमा बेठक बस्ने, अन्तरकृया गर्ने, बहस छलफलआदि र सर्वोच्चको फैसलामा रमाएर र यही प्रतिक्रियावादी स.सदीय व्यवस्थालाइे सुदृढ गर्ने कार्यजस्ता कार्यनीतिहरू अपनाएर कसरी नेपालमा जनवादी क्रान्तिलाई मद्त गर्दछ ? यो केबवल भ्रम सिवाय अरु

***क्रान्तिकारी कम्युनिस्टहरूका लागि अग्रगमन***

अग्रगमनकारी काम त त्यो हो, जव सच्चा देशभक्त तथा कम्युनिस्ट क्रान्तिकारीहरूले एकातिर पृथक रूपमा कलात्मक ढंगले विरोध तथा संघर्षका कार्यक्रम सञ्चालन गर्न जरुरी छ भने अर्कोतिर जनपक्षीय विचार र राजनीतिक एजेण्डा र नेतृत्वहरूलाई कसरी स्थापित गर्ने , कसरी क्रान्तिको वातावरण निर्माण हुन्छ, त्यसवारे बहसको योजनाको आवश्यकता छ । यसतर्फ कम्युनिस्ट क्रान्तिकारी पार्टी, नेतृत्व र कार्यकर्ताहरूले पर्याप्त ध्यान दिन जरुरी छ । संसदवादी र संशोधनवादीहरूको भ्रम नतोडेसम्म जनतामा विश्वासको बिजारोपण गर्न सकिन्न । जनताको आशा र विश्वास, सहयोग र समर्थनकै बीचबाट क्रान्तिको प्रक्रिया अगाडि बढ्छ ।

हामी सबैले चाहेको विकल्प हो, यो भन्दा अग्रगामी विकल्प । त्यो अग्रगामी विकल्प आज जनताको माग बन्दै गएको छ । ओलीलाई सरकारबाट हटाउनु आवश्यक हो । तर त्यतीले पुग्दैन । त्यतीले नेपाल र नेपालीको समस्याको समाधान हुने वाला छैन । हामीले यो संघर्षलाई निरन्तरता दिनु आवश्यक छ । ओली हट्नु त अब एउटा सामान्य विषय बनिसकेको छ । हामीले त्यो भन्दा पनि माथि उठ्ने योजना बनाएर अघि बढनु आवश्यकता र जरुरी दुवै भएकोछ । ओलीलाई विदा गर्ने कामलाई नै धेरै ठुलो उपलव्धी बनाएर आत्मतुष्टी लिनु क्रान्तिकारी कम्युनिस्टहरूका सुहाउँदो विषय हुँदैन होइन । त्यसैलाई ठुलो उपलव्धिका रूपमा व्याख्या गरेर जनतालाई भ्रममा पार्नु एउटा क्रान्तिकारी कम्युनिस्टहरूका कर्तव्य हुँदैन होइन । यो व्यवस्थाको सट्टा अग्रगामी विकल्प स्थापित गर्ने बाटोमा अघि बढ्ने योजना अहिले नै तयारीका लागि क्रान्तिकारी कम्युनिस्टहरूको एकता, संयुक्त मोर्चा वा कार्यगत एकता जे सम्भव छ सोही गरेर अगाडि बढनु आवश्यक छ । यसका लागि संघषको निरन्तरता, अझ उच्च स्तरको संघर्षको तयारी नै आवश्यक छ । यही नै सच्चा क्रान्तिकारीहरूका लागि उत्तम मार्ग हो । यही नै सही मानेमा अग्रगमन प्राप्तीको मार्ग हो ।

*singhhukum683@gmalif\.com*

## रंगभेद....

जस्ता भयावह समस्याले त्यो देश निक्कै आक्रान्त छ । भ्रष्टाचार दक्षिण अफ्रिकाको पनि एउटा ठूलो समस्याकै रूपमा रहेको छ । यी समस्याहरूबाट मुक्त हुने दिशा र बाटोमा तीब्र गतिमा अगाडि बढ्न नसकेसम्म दक्षिण अफ्रिकाले नेल्सन मण्डेलाप्रति सार्थक सम्मान प्रकट गरेको र उनीबाट उचित प्रेरणा लिएको पनि ठहरिने छैन ।

अनि अग्रगामी राजनीतिक सुधार र परिवर्तनप्रति पनि सही किसिमले अग्रसर भएको ठहरिने छैन । नेपाल लगायतका बिश्वका बिभिन्न देशहरूमा जुन किसिमको घोर सत्ता लिप्सा, सिद्धान्तहीन, अपारदर्शी र अपबित्र राजनीतिक साँठगाँठ हुने गरेको र तुष्टीकरणको निहीत स्वार्थी राजनीति चल्ने चलाइने गरेकोछ त्यसबाट बाहिर निस्कन नसकेसम्म नेल्सन मण्डेलाप्रति दशाईएको आदर सम्मान र शब्द श्रद्धा केवल एउटा सस्तो पाखण्ड प्रदर्शन मात्र ठहरिने कुरालाई पनि आत्मसात गरिनै पर्दछ । अनि मात्र मण्डेला जस्ता साहसी, क्रान्तिकारी, दृढ निश्चयी र उच्च ब्यक्तित्वहरूको प्रसंशा गरेको, गुणगान गाएको र सम्मानको गरेको पनि सार्थकता हुन्छ । अन्यथा यो आफुलाई र अरुलाई पनि ठगठाग गर्ने कर्मकाण्डीय कुरा बाहेक कीमार्थ अरु केही प्रमाणित हुँदैन । सदा सर्बदा स्मरणीय र अबिस्मरणीय बिश्व ब्यक्तित्व नेल्सन मण्डेलाको १०३औ जन्म जयन्तिकाका अवसरमा उनीप्रति उच्च सम्मानकासाथ हार्दिक एवं शतत नमन !

## सर्वोच्च...

पुनःस्थापनाद्वारा हुन सक्दैन । यहाँ प्रश्न कुनै व्यक्ति विशेषका गल्ती कमजोरी वा दोषको मात्र होइन, अपितु समग्र सत्ता र व्यवस्था कै हो । तसर्थ हाम्रो पार्टी वर्तमान राजनीतिक सङ्कट र राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्याहरूको समाधानका लागि वर्तमान राज्यसत्ता र संसदीय व्यवस्थाको विकल्पमा नयाँ जनवादी राज्यसत्ताको स्थापनाका लागि संयुक्त सङ्घर्ष अपरिहार्य भएको ठान्दछ र त्यस निम्ति सबै सच्चा देशभक्त, जनवादी तथा वामपन्थी शक्तिहरूप्रति पुनः विशेष आग्रह गर्दछ ।

*मिति २०७८ असार २९*

*प्रतीक*

*प्रवक्ता*

*नेकपा (क्रान्तिकारी माओवादी)*

## देउवाको....

को माधव नेपाल पक्ष र जसपा उपेन्द्र यादव पक्षले देउवालाई साथ दिएको छ ।

अब यो सरकार करिब डेढ वर्ष टिक्नेछ र यही सरकारले निर्वाचन गराउने छ ।

उनी प्रधानमन्त्रीमा नियुक्त भएलगत्तै नेपालका लागि अमेरिकी राजदुत यण्डि वेरीले दुइ्र पटक भेट गरिसकेका छन् । उनले बुढानिलकण्ठ स्थित घरमै पुगेर एकल भेटघाट गरेका हुन । राजदुत यण्डि वेरीले एमसिसि यही अधिवेशनबाट पास गराउने दवाव स्वरूप शेरबहादुर देउवासँगको भेटघाटलाई बाक्लो बनाएको स्पष्ट हुन्छ ।

शेर बहादुर देउवाको प्रधानमन्त्री पदमा गरिएको नियुक्ति प्रति विभिन्न क्षेत्रबाट विभिन्न प्रतिक्रियाहरू प्रकट भएका छन् । नेपालको प्रजातान्त्रिक आन्दोलनमा शेर बहादुर देउवा ने.का. का अन्य नेताहरू भन्दा बेग्लै इतिहास बोकेका व्यक्ति हुन । उनले संसदको विघटन मात्र गरेनन्, बहुदलीय व्यवस्था नै तत्कालीन राजा ज्ञानेन्द्रलाई बुझाएका थिए । यस प्रकारको प्रतिगामी चरित्र भएका देउवालाई पाँच दल र ने.का. ले प्रधानमन्त्री पदका लागि कसरी अगाडि सार्‍यो ? त्यो आश्चर्यको विषय बनेको छ ।

***प्रतिगमन भन्दा गम्भीर 'एमसीसी सम्झौता' पास गर्ने प्रपञ्च हुँदैछ : डा. आचार्य***

पटक पटक प्रतिनिधि सभा विघटन हुने र जनता तथा अदालतको जोडले पुनर्स्थापित हुने अवस्थाले दलाल पुँजीवादी व्यवस्थाको संकटलाई बताउँछ । के स्पष्ट भएको छ भने वर्तमान राजनीतिमा देखा परेको संकट संसदीय व्यवस्थाभित्र कै संकट हो । पटक पटकको संकटले के पुष्टि गरेको छ भने नेपालमा पनि संसदीय प्रणाली असफल सावित भएको छ । संसदीय प्रणालीको विकल्प भनेको नयाँ जनवादी व्यवस्था नै हो र त्यो दिशामा सबै देशभक्त, जनतान्त्रिक तथा वामपन्थी क्रान्तिकारीहरूले संघर्षलाई केन्द्रित गर्नु पर्ने आवश्यकता छ ।

राजनीतिज्ञ, इन्जिनियर डा. सूर्यराज आचार्यले अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कोअपरेसन 'एमसीसी' कम्प्याक्ट सम्झौता संसदबाट जस्ताको तस्तै पारित गर्ने सम्भावना रहेको भन्दै सचेत रहन आग्रह गर्नुभएको छ ।

बुधबार सामाजिक सञ्जालमा ट्वीटरमार्फत आचार्यले चर्चामा रहेको प्रतिगमन भन्दा निकै गम्भीर प्रकृतिको एमसीसी कम्प्याक्ट संसदबाट जस्ताको तस्तै पास गर्ने प्रपञ्च सुनिँदैछ भन्दै बेलैमा खबरदारी गर्न आग्रह गर्नुभएको छ ।

स्मरणीय छ, विवादित एमसीसी सम्झौता पारित गर्न यसअघि नै तत्कालिन प्रधानमन्त्री केपी ओली र बर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाले सहमति जनाएका थिए । हालका कानुनमन्त्री ज्ञानेन्द्रबहादुर कार्की उर्जामन्त्री भएका बेला अमेरिकासँग सो सम्झौता गरिएको थियो । त्यसले गर्दा बर्तमान सरकारले एमसीसी अघि बढाउने सम्भावना देखिएको छ ।

तर, एमसीसीविरुद्ध संसदभित्र र बाहिर रहेको ठूलो जनमतका कारण सहजै पारित हुने सम्भावना भने कमै छ । एमसीसी संसदबाट पास भएपनि वा नभएपनि देउवाको सत्तारोहण राष्टिय स्वाधिनतामा झन खतरा बढदै जाने स्पष्ट छ ।

## वर्गदृष्टि र मूलबाटोको लागि लेख, रचना समाचार र विज्ञापन पठाउनेसम्बन्धी सूचना

१ लेख, रचना एक हजार (१,०००) शब्दमा नबढाइ, टाइप गरेर पत्रिकाको इमेलमार्फत पठाउन हुन अनुरोध गरिन्छ।

२. समाचार पठाउँदा सकभर सम्बन्धित समाचार झल्कने फोटो अनिवार्य समावेश गर्नुपर्ने छ।

३. लेख, रचना पठाउँदा शनिबार बेलुकीसम्म उपलब्ध गराई सहयोग गर्नु हुन अनुरोध छ।

४. समाचारको हकमा आइतबारको २ बजे अगाडि उपलब्ध गराइदिनु हुन अनुरोध छ।

५. विज्ञापनमा हुन सक्ने गल्तीलाई रोक्न विज्ञापनदाताको सहमतिमा टाइप गरेर सूचना उपलब्ध गराउने।

६. पत्रिका प्राप्त भइसकेपछि फोन, इमेल वा एसएमएस गरेर व्यवस्थापक वा सम्पादकलाई जानकारी गराइदिनु हुन अनुरोध छ।

७. प्रत्येक अंकको भुक्तानी उक्त महिनाको अन्तमा उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ।

**सम्पर्क नाम र फोन नम्बर**

**व्यवस्थापकः हुकुमबहादुर सिंह (९८५१०७६८६४)**

**सम्पादकः इन्द्र बहादुर राउत (९८५११३४८३०)**

**इमेल : bargadristi073@gmail.com**

कर्णाली प्रदेश संवाददाता- दिनेश बुढा (९८६८००५८२४)


## कोभिड-१९ को संक्रमणबाट बचौं र बचाऔं

### सेवा प्रवाह गर्दा निम्न कुरामा ध्यान दिऔं

- अनिवार्य रूपमा मास्क लगाऔं ।
- सेवा प्रवाहमा भौतिक दुरी कायम गरौं ।
- साबुन पानीले मिचीमिची हात धुने गरौं र सेनिटाइजरको प्रयोग गरौं ।
- संक्रमणको शंका लागेमा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

## आलोपालो

# रंगभेद बिरोधी महान् तथा संघर्षशील राजनीतिज्ञ मण्डेला

*दक्षिण अफ्रिकाको इतिहासमा काला जातिको पहिलो राष्ट्रपति निर्वाचित भएको एक कार्यकालपछि नै उनी सत्ता केन्द्रबाट बाहिरिए र त्यसपछि सक्रिय राजनीतिमा आफुलाई अगाडि सारेनन् । उमेरका कारणले समेत उनी पछि सरेर नया पुस्तालाई सहज किसिमले सत्ता हस्तान्तरण गरे । जुन आजको सत्तामुखी बिश्व राजनीतिमा अत्यन्तै सराहनीय र प्रसंशनीय मात्रै होइन अत्यन्तै प्रेरणास्पद, अनुकरणीय दुर्लभ कार्य पनि हो*



● लोकनारायण सुबेदी ●

आज १८ जुलाई बिश्वका महान् रंगभेद बिरोधी, उपनिवेशवाद बिरोधी नेता नेल्सन मण्डेलाको १०३औं जन्म दिन । नश्लभेद, रंगभेद र जातिभेद बिरोधी संघर्षमा उनले पुऱ्याएको अतुलनीय योगदान नै उनलाई बिश्वले सम्झने र सम्मान गर्ने सबैभन्दा महत्वपूर्ण कारण हो । त्यसका लागि उनले अल्पसंख्यक गोराहरूको क्रूर दमनकारी र बिभेदकारी शासन सत्ताको बिरुद्ध संघर्ष गर्दा अबिच्छिन्नरूपमा २७ बर्षको कठोर कारावास जीवन बिताउनु परेको थियो । वास्तवमा नेल्सन मण्डेलाको यही दृढ निश्चयी र प्रेरणास्पद संघर्षमय जीवनगाथाले गर्दा नै आज पनि बिश्वमा उनी स्मरणीय  र आदरणीय छन् ।

यसका अतिरिक्त रंगभेद र जातिभेदबाट अफ्रिकालाई मुक्त गराउने ती महान ब्यक्तित्वले चाहेको भए आजीवन दक्षिण अफ्रिकाको शासन सत्तामा जमेर बस्न सक्ने एक लोकप्रिय नेता थिए । तर उनले त्यसबाट फाइदा उठाउने सत्तामोह बिल्कुलै देखाएनन् । दक्षिण अफ्रिकाको इतिहासमा काला जातिको पहिलो राष्ट्रपति निर्वाचित भएको एक कार्यकालपछि नै उनी सत्ता केन्द्रबाट बाहिरिए र त्यसपछि सक्रिय राजनीतिमा आफुलाई अगाडि सारेनन् । उमेरका कारणले समेत उनी पछि सरेर नया पुस्तालाई सहज किसिमले सत्ता हस्तान्तरण गरे । जुन आजको सत्तामुखी बिश्व राजनीतिमा अत्यन्तै सराहनीय र प्रसंशनीय मात्रै होइन अत्यन्तै प्रेरणास्पद,  अनुकरणीय दुर्लभ कार्य पनि हो ।

अझ अर्को तेश्रो महत्वपूर्ण कुरा उनले सत्ता परिवर्तन पछि बद्लाको भावनाले कुनै काम गरेनन् र त्यस्ता कुनै कदमहरू बिल्कुलै चालेनन् । उनको भनाइ एकदमै स्पष्ट थियो कि रंगभेद तथा जातिभेद बिरोधी उनको संघर्ष केवल काला जातिका लागि बिजयको कुरा मात्र थिएन, जातिभेदको अन्त्यका लागि त्यो गोरा अल्पसंख्यक जातिका लागि पनि थियो र हो । उनले लडेको लडाई कुनै जाति बिशेषको मुक्तिको लागि मात्र थिएन मानब जाति बीच फैलिएको, फैलाइएको र अभ्यस्त जस्तै तुल्याइएको बिभेद, असमानता र जातिय उत्पीडन तथा असुरक्षाका बिरुद्ध थियो । त्यसैले त्यो सबै जातिको समान हक अधिकार, समुन्नति र सम्मानका निमित्त थियो र हो भन्ने कुरा उनले एकदमै स्पष्ट पारेका थिए ।

हुन पनि नेल्सन मण्डेलाले मार्क्सबादप्रति आफ्नो बिमति नरहेको र त्यो प्रेरणाको श्रोत  भएको करा स्वीकारेका थिए नै । अनि अन्ततः कम्युनिष्ट बनेर उनी संघर्षलाई सही दिशा र अग्रगति दिन तत्पर भएका हुन् भन्ने कुरा स्वयं उनले स्वीकारेको र कसैले बिमति जनाएको छैन र थिएन। यसरी बिसौं शताब्दीको उत्तरार्द्धदेखिको जातिभेद र रंगभेद बिरोधी संघर्षमा दृढ निश्चयकासाथ दाया बायाँ नगरी लागेका नेल्सन मण्डेलाले स्वाधीनता र स्वतन्त्रतताको त्यो लडाईको सफल नेतृत्व गरेर बिजय हासिल गरे । उनको त्यो बिजय केवल दक्षिण अफ्रिकाको मात्र बिजय थिएन । त्यसै कारणले समेत बिश्वभरीका सरकार र राष्ट्र प्रमुख या तिनका प्रतिनिधिहरू नेल्सन मण्डेलाको ६ डिसेम्बर २०१३ मा देहाबसान हुँदा उनलाई अन्तिम श्रद्धाञ्जली दिन दक्षिण अफ्रिका पुगेका थिए र ससम्मान भावपूर्ण श्रद्धाञ्जली ब्यक्त गर्न त्यस श्रद्धाञ्जली सभामा प्रत्यक्ष सहभागी बनेका थिए ।

तर आज दक्षिण अफ्रिकामा दिबंगत मण्डेला जस्तो अर्को कुनै ब्यक्तित्वको निर्माण हुन सकेको छैन र त्यसको अभाव खड्किरहेको छ । यद्यपि दक्षिण अफ्रिका बिश्वको बिकासशील अर्थतन्त्रमा अगाडि बढेको राष्ट्रको रूपमा खडा 'ब्रिक्स'(ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका मिलेर बनेको बिश्व आर्थिक संगठन)मा पनि आवद्ध र सक्रिय छ । तर अझै पनि गरीबी, अभाव, बेरोजगारी, अहिलेको बिश्व महामारी कोरोना तथा पहिलेदेखिकै एड्स बाँकी ७ पेजमा

# ओलीले गुमाए ३३ सांसदको साथ,माधव समूह पनि विभाजित





काठमाडौं । काठमाडौं । नेकपा एमालेमा केपी ओली पक्षका सांसदले देउवालाई मत दिने अपेक्षा नै थिएन । अर्कोतर्फ माधव नेपाल पक्षका सांसदले देउवालाई मत नदिने अपेक्षा थिएन । तर, आइतबार राति प्रतिनिधि सभामा मतदान दिँदा ओली पक्षका ८ जना सांसदले प्रधानमन्त्री शेरबहादुर देउवाको पक्षमा मतदान गरेका छन् ।

त्यस्तै माधव नेपाल समुहमा रहेका ८ सांसद तटस्थ बसेका छन् । सर्वोच्च अदालतमा देउवाको पक्षमा हस्ताक्षर बुझाउनेमा माधव नेपाल पक्षका २३ सांसद थिए । यी मध्ये झलनाथ खनाल दिल्लीमा उपचाररत छन् । नेपाल पक्षका बाँकी २२ मध्ये माधव नेपालसहित १४ जनाले देउवाको पक्षमा मतदान गरे ।

सर्वोच्चमा हस्ताक्षर गर्नेमध्येका घनश्याम भुसाल, सुरेन्द्र पाण्डे, गोकर्ण विष्ट, यज्ञराज सुनुवार, दिपक भट्ट, नारायण खतिवडा, झपट रावल र सोमनाथ पाण्डेले कतैपनि मत दिएनन् ।

उता, केपी ओली पक्षका आठ सांसदले देउवाको पक्षमा मत दिएका छन् । देउवाको पक्षमा मत दिने ओली निकट सांसदहरूमा प्रेम आले, हिरा केसी, पार्वती विसंखे, कलिला खातुन, समिमा हुसेन, धनबहादुर बुढा, किसान श्रेष्ठ र विनादेवी बुढाथोकी छन् ।

प्रतिनिधि सभामा नेकपा एमालेका कुल १२१ सांसद रहेका छन् । तीमध्ये ३३ सांसद अध्यक्ष ओलीको विपक्षमा उभिएका छन् । देउवाको पक्षमा भोट हाल्ने माधव समुहका १६, ओली समुहका ८, तटस्थ ८ र झलनाथ खनालसमेत जोड्दा ३३ पुग्छ ।

एमाले सांसद को कता ?

देउवाको पक्षमा मतदान गर्ने ओलीका सांसद : प्रेम आले, हिरा केसी, पार्वती विसंखे, कलिला खातुन, समिमा हुसेन, धनबहादुर बुढा, किसान श्रेष्ठ र विनादेवी बुढाथोकी

तटस्थ बसेका माधव नेपालका सांसद : घनश्याम भुसाल, सुरेन्द्र पाण्डे, गोकर्ण विष्ट, यज्ञराज सुनुवार, दिपक भट्ट, नारायण खतिवडा, झपट रावल र सोमनाथ पाण्डे ।

देउवालाई मतदान गर्ने माधव पक्षका सांसद : माधव नेपाल, विरोध खतिवडा, जीवनराम श्रेष्ठ,कृष्णलाल महर्जन, निरादेवि जैरू, सरला यादव, कल्याणी खड्का,लक्ष्मी चौधरी, माधव नेपाल, रामकुमारी झाँक्री, भवानी प्रसाद खापुङ, पवित्रा निरौला र मुकुन्द न्यौपाने ।









प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., प्रबन्ध निर्देशक : हुकुमबहादुर सिंह, सम्पादक : इन्द्रबहादुर राउत, फोटोः जय दाहाल, कार्यालय : काठमाडौं-१०, बुद्धनगर सम्पर्क नं. : ९८५१०७६८६४, ०१-५२६०११२ इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।